# नव विकास
## बचत तथा ऋण सहकारी संस्था लि.
**Nawa Bikas Saving & Credit Co-operative Ltd.**

सदस्यको वित्तीय समाधानको पहिलो रोजाइको प्रतिबद्धता, दिगो र सबल साकोस।

**चन्द्रपुर नगरपालिका-४, चन्द्रनिगाहापुर, रौतहट**

नेफ्स्कून

पत्र संख्या : २०८०/२०८१ — मिति २०८०/०४/०९

च.न. :३६

श्रीमान शेयर सदस्य ज्यु

विषय : १५औं वार्षिक साधारण सभा सम्वन्धमा।

उपरोक्त सम्बन्धमा सहकारी ऐन २०७४ को दफा ३९ एवम् यस संस्थाको विनियम २०७८ को नियम २८ बमोजिम यस संस्थाको सञ्चालक समितिको मिति २०८०/०४/०६ गते बसेको बैठकको निर्णयअनुसार संस्थाको १५औं वार्षिक साधारण सभा देहाय बमोजिम हुने भएकोले आ-आफ्नो एकाईमा हुने सभामा यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछौं।

| साधारण सभाका प्रस्तावहरू | कार्यक्रम तालिका | | | |
|---|---|---|---|---|
| | स्थान | मिति/दिन | समय | सदस्यको क्षेत्र |
| १. सञ्चालक समितिको तर्फबाट आ.व. २०७९/२०८० को प्रगति प्रतिवेदन तथा आ.व. २०८०/२०८१ को प्रस्तावित नीति तथा कार्यक्रमहरू सम्बन्धमा,<br>२. सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षको आ.व. २०७९/२०८० को प्रगति प्रतिवेदन तथा आ.व. २०८०/२०८१ को प्रस्तावित बजेट तथा कार्यक्रमहरू सम्बन्धमा,<br>३. आ.व. २०७९/२०८० को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।<br>४. लेखा समितिको आ.व. २०७९/८० को प्रतिवेदन सम्बन्धमा।<br>५. प्रस्तावित कोष विभाजन, लाभांश वितरण, संरक्षित पुँजी फिर्ता कोष वितरण एवं अन्य कोषहरू सम्बन्धमा।<br>७. विनियम संशोसधन सम्बन्धमा।<br>८. आन्तरिक नीति, निर्देशिका तथा कार्यविधि संशोधन एवं पारित गर्ने सम्बन्धमा।<br>९. आ.व. २०८०/२०८१ लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।<br>१०. प्रमुख व्यवस्थापकको पारिश्रमिक लगायतका सुविधा तोक्ने सम्बन्धमा।<br>११. बाह्य दायित्व/ऋण स्वीकार गर्ने सम्बन्धमा।<br>१२. खर्च अनुमोदन तथा बजेट स्थानान्तरण सम्बन्धमा।<br>१३. साधारण सभा माइनट प्रमाणित गर्ने सम्बन्धमा।<br>१४. भवन निर्माण सम्बन्धमा।<br>१५. विविध। | सन्तानेश्वर महादेव मन्दिर, चन्द्रपुर-५ चाँदीपुल,<br>सन्तानेश्वर महादेव मन्दिर, चन्द्रपुर-५ चाँदीपुल,<br>नवविकास साकोसको कार्यालय चन्द्रपुर-४, चन्द्रनिगाहपुर<br>श्रीमदभागवत सेवा संस्था, चन्द्रपुर-९, सिन्दुरेघारी,<br>शिवआमा समुहभवनचन्द्रपुर-८, बसंतपुर<br>नवविकास साकोसको कार्यालय चन्द्रपुर-४, चन्द्रनिगाहपुर | २०८०/०५/९, शनिवार<br>२०८०/०५/१०, आइतवार<br>२०८०/०५/११, सोमवार<br>२०८०/०५/१२, मंगलवार<br>२०८०/०५/१३, बुधवार<br>२०८०/०५/१६, शनिवार | बिहान १०:३०<br>बिहान १०:३०<br>बिहान १०:३०<br>बिहान १०:३०<br>बिहान १०:३०<br>११:००-३:०० | चन्द्रपुर वडा नं. ४ का सदस्यहरू<br>चन्द्रपुर वडा नं. १,२ र ५ का सदस्यहरू<br>चन्द्रपुर वडा नं. ३, ६, बेतौना, संतपुर क्षेत्रका सदस्यहरू<br>चन्द्रपुर वडा नं. ९,१०, अल्टोकी मरधरका सदस्यहरू<br>चन्द्रपुर वडा नं ७ र बसंतपुर क्षेत्रका सदस्यहरू<br>सबै केन्द्रकाप्रतिनिधिहरू |

संचालक समितिको निर्देशनानुसार

यज्ञप्रसाद प्रसाई<br>(मुख्य व्यवस्थापक)

स.वि.द.नं.: ३१०/०४९/०५०

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल



# शुभकामना

सदस्य केन्द्रीत व्यवसायिक गतिविधि गर्दै परिणाममूखी कार्यक्रमहरु गरी संस्थाले सदस्यका आर्थिक, सामाजिक, साँस्कृतिक र वातावरणीय संरक्षणको लक्ष्य हासिल गर्न चन्द्रनिगाहपुर, रौतहटको **नव विकास बचत तथा ऋण सहकारी संस्था लि**.ले खेलेको भूमिका स्मरणयोग्य रहेको छ । नीति, विधि र प्रविधिको प्रयोग गरी सदस्यलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्दै आएको संस्थाले सदस्यहरुको आयस्तर बृद्धि गरी सदस्यहरुको जीवनस्तर उकास्न सहयोगी भूमिका खेल्दै आइरहेको छ । सो संस्थाले १५ औं बार्षिक साधारणसभाको अवसरमा संस्थाको गतिविधि झल्किने गरी **वार्षिक स्मारिका** प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ ।

जटिल परिस्थितिमा समेत समुदायसँग प्रत्यक्ष जोडिएर सहकारीले खेलेको महत्वपूर्ण भूमिकाको स्मरण गर्दै सम्पूर्ण सहकारीकर्मीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु । यतिबेला सहकारी संघ/संस्था सामु थप जवाफदेही भइ जिम्मेवारी बहन गर्नु पर्ने अवसर समेत सिर्जना भएको छ । साथै, संयुक्तराष्ट्र संघले सन् २०३० सम्मको लागि तय गरेका दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि आफ्नो नीति, बजेट तथा कार्यक्रममा समेत यो विषयलाई प्राथमिकताका साथ समावेश गर्न अनुरोध गर्दछौं । दीगो विकास लक्ष्य प्राप्तिका लागि प्रत्येक संस्थाले गरेको योगदानलाई अभिलेख राखी त्यसलाई अभियानको माथिल्लो निकायमा पेश गरी सहकारीको योगदानलाई एकिकृत गर्न समेत अनुरोध छ ।

यस अवसरमा संस्थाका पदाधिकारी, कर्मचारी तथा आवद्ध सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । अन्त्यमा, सहकारी सिद्धान्तको पूर्ण पालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाकासाथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी तथा धन्यवाद !

(मिनराज कडेल)
अध्यक्ष

सहकारी संघ/संस्थाहरूको प्रर्वद्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

## हार्दिक शुभकामना



नेपालको सहकारी क्षेत्रले सिमित रुपमा उपलब्ध श्रोत साधनका बाबजुत पनि सरकारी क्षेत्रको पहुँच नपुगेको र निजि क्षेत्रप्रति आम मानिसले अपनत्व ग्रहण गर्न नसकेको अवस्थामा आम मानिसका आवश्यकताहरुको परिपूर्ति गर्दै समाज तथा देशको आर्थिक सामाजीक तथा सांस्कृतिक क्षेत्रको विकासमा अतुलनिय योगदान गरिरहेको छ । सहकारीका विश्वव्यापी सिद्धान्त तथा मान्यताहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान गरिरहेको छ ।

सहकारी क्षेत्र बहुआयामिक क्षेत्र भएको हुदाँ राज्यका आर्थिक तथा सामाजीक विकासका लक्ष्य प्राप्तीका साथै स्थानीयस्तरका आर्थिक सामाजीक समस्याहरुको न्यायोचित समाधान गर्नका लागि सहकारीका मुल्य, मान्यता, निर्देशित सिद्धान्त र प्रयोगहरु सक्षम रहेका छन् । नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रीक मुल्य र मान्यतामा आधारीत समाजवादको प्राप्तीका लागि सहकारी क्षेत्रको क्रियाशिलता आजको आवश्यकता हो । सहकारीको आर्थिक सहभागीतालाई, नेपालको संविधानप्रदत्त भुमीका दिइएको हुदाँ सहकारी अभियानले समेत संविधानको परिकल्पना अनुरुप आफ्नो भुमिका तथा जिम्मेवारीलाई गाम्भिर्यता पूर्वक लिनु आवश्यक रहेको छ ।

सहकारी मार्फत आर्थिक तथा सामाजीक रुपान्तरणको अभियानमा क्रियाशिल **चन्द्रपुर-४,चन्द्रनिगाहपुर,रौतहट** स्थित **नव विकास बचत तथा ऋण सहकारी संस्था लि.** आफ्नो १५ औ वार्षिक साधारण सभाको अवसरमा स्थापना कालदेखि हालसम्म सञ्चालन गरेका कार्यक्रमहरु, वार्षिक कार्ययोजना, लेखा प्रतिवेदन तथा विविध गतिविधि सहित समसामयिक विषयको बारेमा जानकारी हुने गरी **" वार्षिक स्मारिका"** प्रकाशन गरि सदस्य माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ ।

यस सहकारी संस्थाले सहकारी र गरिबी क्षेत्रमा पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको कदर गर्दछु । सदस्यहरुलाई एकताबद्ध राख्नका लागि संस्थाका गतिविधि तथा सेवाको विषयको जानकारी दिन संस्थागत सुशासन कायम राखी संस्थाले गुणस्तरीय वित्तिय सेवा उपलब्ध गराउनुका साथै सहकारीहरुबीच एकीकरण छलफल,सहकारी क्रियाकलापको विविधीकरणसँगै आगामी दिनमा कृषि ,शिक्षा तथा स्वास्थ्य सेवाका लागि अघि बढ्ने उद्देश्य लिई **वार्षिक साधारण सभा गर्न** लागेकोमा अत्यन्त सराहना व्यक्त गर्दछु ।

साथै गरीबि न्यूनिकरण, लैंगिक समानता ,सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न,छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अर्न्तराष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि संचालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित यस सहकारी संस्थाको **"स्मारिका"** प्रकाशनका पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति : २०८०/०४/१०

**के.बि उप्रेती**
**अध्यक्ष**

स.वि.द.नं. : ३२९-०५०/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

एकीकृत साकोस सञ्जालको लागि साझा प्रविधि

नेफस्कून

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.

आबद्धता



श्री अध्यक्षज्यू
नव विकास साकोस
चन्द्रपुर -४,चन्द्रनिगाहपुर, रौतहट ।

## शुभकामना

यस संघमा आबद्ध **नव विकास बचत तथा ऋण सहकारी संस्था लि**.को १५औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशित "**वार्षिक स्मारिका**" मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको १५औं वार्षिक साधारणसभाबाट सदस्य र समुदायमा उद्यमशिलता विकास तथा व्यवसाय पुनरुत्थान मार्फत सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक शुभकामना ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणबद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "सबल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जाल" भन्ने नेफस्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मिति: २०८०/०४/२९

परितोष पौड्याल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१,
४७८३०७१, ४७८४५६९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

नेपाल बचत तथा ऋण केन्द्रीय संघ दर्ता नं. २४८/०५४/०५५ | सहकारी ऐन २०४८ अन्तर्गत स्थापित | डिभिजन सहकारी कार्यालय रौतहट दर्ता नं. १(७१) ०५४/०५५

# रौतहट बचत तथा ऋण सहकारी संघ लि

चन्द्रनिगाहपुर, रौतहट



## शुभकामना

श्री अध्यक्ष ज्यू ,

नव विकास बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रनिगाहपुर,रौतहट

यस संघमा आवद्ध नव विकास बचत तथा ऋण सहकारी संस्था लि.चन्द्रपुर-४, रौतहटले १५ औं बार्षिक साधारणसभाको अवसरमा संस्थाले वार्षिक प्रगति विवरण सहितको स्मारीका प्रकाशित गर्ने जानकारी पाउँदा अत्यन्तै खुसी लागेको छ । यस अवसरमा संस्थाका पदाधिकारीहरु, कर्मचारी तथा शेयर सदस्य महानुभावहरुमा रौतहट वचत तथा ऋण सहकारी संघ लिमिटेड र मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहान्छु ।

यस संस्थाले निरन्तर रुपले विभिन्न सेवामुलक र सामाजिक कार्यहरु गर्दै आएको र मधेश प्रदेशको उत्कृष्ट साकोसको रुपमा पटक/पटक सम्मानित भएको साथै मधेश प्रदेश वाट एक मात्र प्रोवेशन ब्राण्ड प्राप्त गरी चौथो पटक सम्म नविकरण गर्न सफल प्रदेशकै नमुना साकोस भएकोमा बधाई तथा प्रशंसा गर्दछौ । संस्थाले सदस्यहरुको आर्थिक ,सामाजिक , साँस्कृतिक र वातावरणीय रुपले रुपान्तरण र समुन्नत मार्गमा अग्रसरता देखाईएकोमा कदर गर्दछु ।

अत : सहकारी मुल्य र सिद्धान्तालाई आत्मसाथ गर्दै सदस्यहरुलाई सुशासन र गुणस्तरीय सेवा प्रदान गर्न यस नव विकास साकोस प्रगतिमय बनीरहोस भन्ने कामना सहित १५ औं बार्षिक साधारण सभा पूर्ण रुपमा सफलता को कामना गर्दछौ ।

देवकी नेपाल

अध्यक्ष

फोन नं. ०५५-५४०२००

# चन्द्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

चन्द्रनिगाहपुर, रौतहट

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०८०।०८१

चलानी नं. :-

मिति २०८०।०४।२६

## हार्दिक शुभकामना

श्री नव विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड चन्द्रनिगाहपुर , रौतहटको १५ औं वार्षिक साधारण सभाको पावन अवसरमा त्यस सहकारी संस्थासँग प्रत्यक्ष , अप्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण व्यक्तित्वहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हाम्रो देश नेपाल जस्तो सानो अर्थतन्त्र रहेको मुलुकको लागि सहकारी एउटा प्राणवायु जस्तो रहेको मेरो बुझाई छ । बचत गर्ने जस्तो महान कार्यको थालनी सहकारीको मार्फत भईरहेको हुँदा राज्यको अर्थतन्त्र मजबुत हुने तथा समाजको आर्थिक विकास हुने कुरामा विश्वसत हुन सकिन्छ । ईमान्दारिता र पारदर्शिता जस्तो महान सिद्धान्तलाई आत्मसाथ गर्दै यस नव विकास बचत तथा ऋण सहकारी संस्था लि.ले यसका शेयर सदस्य तथा समग्रमा राष्ट्रको प्रगतिमा सम्पूर्ण सामाजिक र संस्थागत उत्तरदायित्व पूरा गरुन् भनी आशा र विश्वास रहेको छ । त्यस सहकारी संस्थाले यस भेगका दलित , जनजाति , मुस्लिम ,महिला, पछाडि परेका वर्ग , सम्प्रदाय , आर्थिक विपन्न आदिलाई बचत गर्ने बानीको विकास गर्दै सबैको जीवनमा उज्जयालो ल्याउदै सुखी नेपाली समृद्ध नेपालको सपना पूरा गरून् यही छ मङ्गलमय शुभकामना र विगतमा नव विकासले सहकारीको माध्यमबाट संस्थागत विकास , सदस्यको आर्थिक उन्नतिको कथा, संस्थागत सामाजिक उत्तरदायित्वका कामबाट अग्रणी भूमिका खेल्दै आएको कुरामा पालिका प्रशंसा गर्दछ । संविधानले तीन खम्बे अर्थनीति अनुरुप अंगिकार गरी सहकारी व्यवस्थापनको लागि सहाकारी ऐन , २०७४ तथा नियमावली २०७५ र नियमनको लागि सहकारी विभागको संरचनासँगै स्थानीय पालिकाको सहकारी ऐन , नियमावली, मापदण्ड , निर्देशिका , कार्यविधि आदि रहेका छन् । ४२६ अरब लगानी , तीस हजारभन्दा बढी सहकारी संख्या , त्रिहतरलाख जना व्यक्ति भन्दा बढीको आवद्धता मध्ये ५६ प्रतिशत महिला र ४४ प्रतिशत पुरुषको सहकारी संस्थाहरुमा सदस्यता रहेको सकारात्मक अवस्थामा भएता पनि विद्यमान जटिल आर्थिक परिप्रेक्ष्यमा सबै सहकारी संस्थाले सहकारीको मर्म , मूल्य , मान्यता र सिद्धान्तमा संस्था सदस्यलाई केन्द्रमा राखेर आर्थिक उन्नति गरुन् पुनः मुरी मुरी शुभकामना ।

संजय कुमार काफ्ले
नगर प्रमुख

# यस पुस्तिका भित्र


- अध्यक्षको प्रतिवेदन
- कोषाध्यक्षको प्रतिवेदन
- लेखा सुपरीवेक्षण समिति प्रतिवेदन
- लेखापरीक्षण प्रतिवेदन (अडिट रिपोर्ट)
- लामो फाराम लेखापरीक्षण प्रतिवेदन
- लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन
- वित्तीय विवरणसँग सम्बन्धित अनुसूची
- शिक्षा उपसमितिको प्रतिवेदन
- महिला उपसमितिको प्रतिवेदन
- सदस्य विस्तार उपसमितिको प्रतिवेदन
- बचत विस्तार उपसमितिको प्रतिवेदन
- युवा उपसमितिको प्रतिवेदन
- वार्षिक बजेट २०७९।२०८०

सदस्यको वित्तीय समाधानको पहिलो रोजाइको प्रविधियुक्त, दिगो र सबल साकोस।
नव विकास
बचत तथा ऋण सहकारी संस्था लि.
Nawa Bikas Saving & Credit Co-operative Ltd.
चन्द्रपुर नगरपालिका-४, चन्द्रनिगाहापुर, रौतहट

नेफ्स्कून

# १५औं वार्षिक साधारण सभामा प्रस्तुत संस्थाको वार्षिक प्रगति प्रतिवेदन

अध्यक्ष : देवबहादुर सापकोटा

आदरणीय शेयर सदस्य महानुभावहरू

सर्वप्रथम यस आ.व. २०७९/२०८०भित्र दिवंगत हुनुभएका हाम्रा स्वर्गीय शेयर सदस्यहरूको मृतआत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना अर्पण गर्दछु।

समुदायमा छरिएर रहेका पुँजीलाई एकीकृत गर्दै बैंक तथा वित्तीय सेवाको पहुँचबाट टाढा रहेका सामाजिक, आर्थिकरूपमा पिछडिएका व्यक्ति, समुदाय र राष्ट्रको उन्नतिका लागि सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तको व्यवहारिक प्रयोग गर्दै नव विकास बचत तथा ऋण सहकारी संस्था लि. २०६५।०८।१० गते विधिवत् रूपमा डिभिजन सहकारी कार्यालय मकवानपुरमा दर्ता भएको हो। संस्था स्थापनाको प्रारम्भदेखिनै सहकारीको स्थायित्व र सफलताको लागि अन्य आवश्यक विषेशताका रूपमा एकता सहभागिता, मितव्ययिता र पारदर्शीता अवलम्बन गरिएको तथा ''एकका लागि सबै,सबैका लागि एक '' भन्ने सहकारीको मुल भावानालाई आत्मसात गर्दै आएका कारण यो संस्थाले दिनानुदिन, समुदायको विश्वास नियतामा वृद्धि गर्दै संस्था अग्रगतिमा छ। यो कुनै एकल प्रयासको परिणाम नभई संस्थामा आवद्ध प्रतिवद्ध र इमान्दार सदस्यहरू तथा कर्मचारीहरूको सामूहिक भावना र प्रयत्नको सकरात्मक प्रतिफल हो।

सहकारी संस्थाहरू अवका दिनमा संख्यातमक विकास मात्र भन्दा गुणात्मक विकासमा जोड दिनु पर्ने आवश्यकता भईसकेको छ। यसै सन्दर्भमा हाम्रो सहकारी संस्थालाई पनि गुणात्मक विकास गरी आगामी दिनमा एसियाली मापदण्डमा पुगनको लागि प्रयास स्वरूप नेपाल सरकारको सहकारी विभागको मापदण्ड पुरा गर्न नेफ्सकुन मार्फत साकोसहरूको गुणस्तर सुनिश्चित गरी स्तरीकरण मार्फत साकोस विकासमा सहयोग पुयाउन विकास गरिएको नविनतम औजार को रूपमा रहेको पुर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (एच्इद्यब्त्क्इल) मा सहभागी भइ देश भरीका करीब १४ हजार बचत तथा ऋण सहकारी संस्थाहरू मध्येनेफ्स्कुनमा आबद्ध ३५०० बचत तथा ऋण सहकारी संस्थाहरू बीच आफ्नो उत्कृष्ट ब्याबसायीकता तथा सुशासनको कारणले पुर्ण तथा ब्याबसायीक साकोस विकास कार्यक्रम प्रोबेसन ब्राण्ड २०७५ प्राप्त गरी २०७६ र २०७७ र २०७९ माब्राण्ड नवीकरण गर्न सफल भएको छ। २०७९ सालमा प्रोबेशन ब्राण्ड प्राप्त गर्ने जम्मा ८ वटा साकोस मध्ये नव विकास साकोसले पनि नवीकरण गर्न सफल भएकोछ। यस पश्चात संस्थाको जिम्मेवारी, अबसरहरू तथा चुनौतीहरू थपीएकाछन। यसभन्दा माथील्लो एशियाली ऋण महासंघ को (ब्ऋऋभ्क्क) ब्राण्डमा सहभागी भएकोछात्यसैले (ब्ऋऋभ्क्क) ब्राण्ड प्राप्तगर्न अझबढी प्रबीधीयुक्त ब्यावसायीक सदस्य र समुदायमुखी हुदै सेवा सुबिधा बढाउन धेरै मेहनत गर्नुपर्नेछ। आर्थिक कारोबारको क्षेत्रमा उत्पादनमुखी र रोजगारमुखीक्षेत्रहरूको पहिचान गरी लगानी गर्नु, सुरक्षीत लगानी गर्नु नीकै कठीन छ भने बिभिन्न बित्तीय संस्थाहरूको बीचमा प्रतिफलको सुनिश्चीतता बित्तीय सन्तुलन मिलाउन चुनौतिपुर्ण बन्दैगएकोछासाथै सहकारी ऐन २०७४ र नियमावलि २०७५ मा भएका प्राबधान भित्र संस्थाका कियाकलापहरू ल्याउन आबश्यक छातर्सथ हाम्रो संस्थाको गुणस्तरीयतामा बृद्धिहुने कुरामा हामी विश्वस्त छौ।

संस्था स्थापनामा ३५ जना शेयर सदस्यहरूको ३५,०००००(पैतिस लाख रूपैंया मात्र)को कारोबार सञ्चालनमा रहेकोमा आजको दिन १५औं वार्षिक सधारणसभा सम्म आई पुगदा ३१७८ जना सदस्यहरू समेटी रू.२,८६,९४,५००।- शेयर पुजी संकलन गरी ३५ करोड ६२लाख ९० हजारकुल सम्पति पुऱ्याउन सफल भई १० जना कर्मचारीहरूलाई प्रत्यक्ष रोजगारी प्रदान गर्न सफल भएकाछौ।

संस्थाले सदस्यहरूलाई जन्म देखी मृत्यु सम्मको मानवीय संवेदनालाई सम्बोधन गर्ने कार्यक्रम, महिला विपन्न वर्गको

उत्थान गर्न महिला सशक्तिकरणको माध्यमबाट गरिबी न्यूनिकरण गर्न लघुवित्त कार्यक्रम सदस्यहरूलाई आयमुलक (सीपमुलक) तालिमको व्यवस्था गरी व्यवसायिक बनाई आर्थिक सम्वृद्धिका लागि बैंकिङ्ग पहुच नभएका सदस्यहरूलाई ग्रामीण स्वालम्बन कोष तथा युवा स्वरोजगार कोष मार्फत न्युन व्याजदरमा ऋण लिई सरल सुलभ र गुणस्तरीय सहकारी वृत्तीय सेवा प्रदान गरी स्थानीय स्तरमा नै उत्तरदायित्व र जिम्मेवारी बोध गराई संस्थाको स्थायित्व र दिगो विकासको लागि दीर्घकालिन परिकल्पना र लक्ष्य प्राप्तीका लागि तेस्रो त्रिवर्षीय रणनिति योजना तयार गरी मानव संसाधनको उचित व्यवस्थापन र परिचालन प्रभावकारी रूपमा सहकारी अभियानमा छुटै पहिचान कायम गर्न संस्था प्रतिवद्ध रहेकोछ। जागरूक सदस्यहरू र कर्मचारीहरू संस्थाको लागि सम्पति हो भन्ने कुरामा संस्था विश्वास राख्दछ। तसर्थ विभिन्न समय सापेक्ष पुरस्कृत र परिर्माजन गर्दै कर्मचारी र सदस्यहरूलाई स्थानीय, क्षेत्रीय र केन्द्रीय स्तरमा तालिम, प्रशिक्षण गोष्ठी र अवलोकन भ्रमणको व्यवस्था गरी क्षमता अभिबृद्धि गर्दै जाने निति अनुरूप सञ्चालन गर्दै आईरहेको छ। आगमी दिनमा यस्ता कार्यलाई निरन्तरता दिदै संस्थाले स्तरीय सेवा प्रदान गर्न निति निर्देशिका परिमाजर्न गरिदै आवश्यक क्षमता अभिवृद्धि कार्यक्रमहरू गरिदै संस्थागत विस्तार गरिर्दै जाने विश्वास दिलाउँछु।

सहकारी संस्थाले प्राप्त गरेको उपलब्धीहरूलाई निरन्तरता दिदै विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को माहामारी र आर्थिक मन्दि को अवस्थामा सदस्यहरूको चाहना र आवश्यकतालाई समय सापेक्ष प्रतिकुल हुने गरी कार्यक्रम तर्जुमा गरी समाधान गर्नु पर्ने साथै विद्यमान सहकारी क्षेत्रमा देखा परेका अवस्था प्रतिस्पर्धा र सहकारी निति अनुसार संस्थालाई सुरक्षित तवरबाट सञ्चालन गर्ने वातावरणतय गर्नुपर्ने चुनौतीपुर्ण कार्य रहेकोछ। यसका लागि सवैले आ–आफनो क्षेत्रबाट निरन्तर योग्दान गर्न सम्पुर्ण सदस्यहरूलाई संस्था आग्रह गर्दछ।

१. सदस्यता विस्तार

यस संस्थामा गत वर्ष शेयर सदस्य महिला १६१०, पुरूष १२५४, संस्थागत सदस्य, ८ बाल बचतकर्ता ९४७ गरी जम्मा ३८१९ रहेकोमा हाल उक्त सदस्यमा ५६६ जना सदस्य वृद्धी भई १३२ जना सदस्यतात्याग गरी यस आर्थिक वर्षमा महिला १८०२, पुरूष १३६६जना, सस्थागत सदस्य १० वटा  बाल बचतकर्ता १०७५ र सस्थागत सदस्य १० जनासमेत जम्मा ४२५३ पुगेको छ।

२. ऋण लगानी

सदस्यहरूको ऋण माग चाप लाई कम गर्न राष्ट्रिय सहकारी बैंक र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (नेफ्स्कुन)  बाट ऋण लिई शेयर सदस्यको आर्थिक उन्नती र प्रगतीको बाटोमा अग्रसर गराउन लगानी गरिएको छ।बचत नियमित गर्ने र व्याज तथा किस्ता ६ दिन अगाडी बुझउने सदस्यलाई पाकेको व्याजको ३ प्रतिशत छुटको व्यवस्था गरिएकोलाई निरन्तरता दिइएकोछ। संचित बचतमा ऋण लिर्ने सदस्यलाई सेवा शुल्क छुट तथा न्युनतम व्याजदरमा लगानी गरिने व्यवस्था गरिएकोछ।

| क्र.सं. | ऋण शिर्षक | व्याज दर | क्र.सं. | ऋण शिर्षक | व्याज दर |
|---|---|---|---|---|---|
| १ | व्यापार/व्यवसाय ऋण | १५.७५ | ७ | घरायसी ऋण | १६ |
| २ | कृषि तथा पशुपालन ऋण | १५.२५ | ८ | हायर पर्चेज ऋण | १६ |
| ३ | घर जग्गा ऋण | १६ | ९ | आकस्मिक ऋण | ० |
| ४ | शैक्षिक ऋण | १६ | १० | वैदेशिक रोजगारऋण | १६ |
| ५ | स्वास्थय ऋण | १६ | ११ | व्यवसाय प्रवर्द्धन ऋण | १५.७५ |
| ६ | सामाजिक ऋण | १६ | १२ | पशुधन ऋण | १५.२५ |
| | | | १३ | सदस्य सुविधा ऋण | १३ |

**३. पुरस्कार तथा सम्मान**

- २०७२सालमा डिभीजन सहकारी कार्यलय रौतहट बाट सम्मानीत।
- २०७४सालमा राष्ट्रिय सहकारी बैंक बाट प्रदेश नं.२ को उत्कृष्ट संस्था सम्मान प्राप्त।
- २०७५सालमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्सकुन)बाट सम्मानीत।

- २०७५ प्रोवेशन ब्राण्ड पाउन सफल भएकोछ ।
- २०७६ सालमा राष्ट्रिय सहकारी बैंक बाट प्रदेश नं.२ को उत्कृष्ट संस्था सम्मान प्राप्त ।
- २०७६ प्रोवेशन ब्राण्ड नवीकरण गर्न सफल भएकोछ ।
- २०७७ प्रोवेशन ब्राण्ड नवीकरण गर्न सफल भएकोछ ।
- २०७७ राष्ट्रीय सहकारी बैंक को चन्द्रनिगाहपुर शाखा कार्यालय संग गरेको कारोबारको आधारमा उत्कृट कारोबार विधामा सम्मानित ।
- २०७७ चन्द्रपुर नगरपालिकाद्वारा सहकारी क्षेत्रमा पुऱ्याएको उल्लेखनीय योगदानको कदर गर्दे ६४औ सहकारी दिवसको अवसरमा सम्मानित ।
- २०७८ प्रदेश स्तरीय उत्कृष्ट व्यवस्थापक विधा मधेश प्रदेश मा व्यवस्थापक यज्ञ प्रसाद प्रसाई सम्मानित ।
- २०७९ प्रोवेशन ब्राण्ड नवीकरण गर्न सफल भएको छ ।
- २०७९ राष्ट्रीय सहकारी बैंक लि. बाट बचत तथा ऋण कारोबारको आधारमा मधेश प्रदेश को उत्कृष्ट संस्था विधामा सम्मानित ।
- २०७९ चैत्र २० गते ६६ औ राष्ट्रिय सहकारी दिवसको उपलक्ष्यमा मधेश प्रदेशको एक मात्र प्रोबेशन ब्राण्ड प्राप्त गर्न सफल सस्थाको रूपमा चन्द्रपुर नगरपालीका बाट सम्मानीत।

## ४. भौतिक पुर्वाधार तथा अदृश्य सम्पति

आ.व. २०८०/२०८१ सम्मसंस्थाको कार्यालयलाई अझै व्यवस्थित बनाउनका लागि संस्थाको भवनको दोस्रो तल्ला निर्माण कार्य भै रहेको छ।। सस्थाको बचत तथा ऋणका प्रोडक्टहरूको बारेमा र संस्थाको गतिविधिहरूको बारेमा सदस्यहरूलाई जानकारी दिनको लागि संस्थाको अग्रभागकक्षमा ीभ्म तभीभ्खक्ष्क्ष्इल जडान गरिएको। संस्थाको कार्यालयलाई व्यवस्थित बनाउनका लागि फाइल केबीनेट, प्लास्टिक कुर्सी, फाइल ऱ्याक, पोडियम र किचन ऱ्याकको व्यवस्था गरिएको छ।

## ५. सञ्चालन व्यवस्थापन

यस संस्थाको संचालक समितिको बैठक आ.व. २०७९।२०८०मा १२ पटक बसी सम्पुर्ण प्रस्तावहरू सर्वसहमति बाट भएको छ। त्यसैगरी लेखा सुपरिवेक्षण समितिको ४ पटक , ऋण उपसमितिको बैठक ४३पटक, शिक्षा उपसमितिको बैठक ३ पटक, महिला उपसमितिको २पटक, सदस्य विस्तार उपसमितिको १पटक, कार्यकारी उपसमिति ७ पटक, सयुक्त बैठक १ पटक, पदपुर्ति उपसमितिको बैठक २ पटक युवा उपसमितिको बैठक १, बचत विस्तार उपसमितिको बैठक १ पटक बसेकोछ।

## ६. तालिम तथा गोष्ठी

| क्र सं | तालिम को विषय | सहभागीको नाम | आयोजक संस्था | कार्यक्रम भएको मिति | स्थान |
|---|---|---|---|---|---|
| १ | नविनतम नेतृत्व विकास तालिम | रामजि प्रसाद तिमल्सेना सञ्चालक सदस्य | नेफस्कुन | २०७९ श्रावण १५ र १६ गते गते | सर्लाही हरिऔन |
| २ | स्तरीकरण कार्यक्रममा व्यवस्थापकको भुमिका | यज्ञ प्रसाद प्रसाई व्यवस्थापक | नेफस्कुन | २०७९ श्रावण २१ गते | सर्लाही हरिऔन |
| ३ | वित्तीय सहकारीमा प्रभावकारी व्यवस्थापकीय नेतृत्व | यज्ञ प्रसाद प्रसाई व्यवस्थापक | नेफस्कुन | २०८० कार्तिक २७ र २८ गते | भक्तपुर |
| ४ | कोपोमीस तालीम | सेविका मुक्तान , सहायक सन्ध्या तिमल्सिना, उप - सहायक | रौतहट बचत तथा ऋण सहकारी संघ लि. | २०७९ कार्तिक २८ गते | चन्द्रनिगाहपुर, रौतहट |
| ५ | धितो लिलामी प्रक्रिया तथा कानुनी व्यबस्था सम्बन्धी एक दिवश कार्यकम | माधव प्रसाद शिवाकोटी , ऋण सहायक | नेफस्कुन | २०७९ पौष २४ गते | हरीवन, सर्लाही |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | प्रतिवेदन लेखन र प्रस्तावना लेखन तालिम | कृष्ण प्रसाद उप्रेती , ऋण अधिकृत | रौतहट बचत तथा ऋण सहकारी संघ लि. | २०७९ माघ १९ र २० गते | चन्द्रनिगाहपुर, रौतहट |
| ७ | प्रविधियुक्त सेवा र सुशासन दिगो साकोस र छवि निर्माणका लागि जिम्मेवार व्यवस्थापन | व्यवस्थापक यज्ञ प्रसाद प्रसाई | नेफस्कुन | २०७९ फागुन २४ देखि २५ गते सम्म | सोल्टी होटल काठमाण्डौ |
| ८ | अग्रभागका कर्मचारीहरुको क्षमता विकास तालिम | सन्ध्या तिमल्सिना ,उप सहायक | नेफ्स्कुन | २०७९ चैत्र ९ र १० गते | हरीवन, सर्लाही |
| ९ | सहकारीको दिगोपनको लागि स्वनियमन तथा शुसासन | अध्यक्ष देवबहादुर सापकोटा | राष्ट्रिय सहकारी महासघ. लि. | २०७९ चैत्र २३ र २५ गते | काठमाण्डौ |
| १० | प्रदेशस्तरीय व्यबस्थापन प्रमुखहरुको गोष्ठिमा सहभागीता सम्बन्धमा | यज्ञ प्रसाद प्रसाई मुख्य व्यवस्थापक ,कृष्ण प्रसाद उप्रेती ऋण अधिकृत , माधव प्रसाद शिवाकोटी ऋण सहायक ,इन्दिरा कुमारी गेलाल सहायक | मधेश प्रदेश म्यानेजर्स क्वल र प्राविधिक सहयोग नेफ्स्कुन | २०८० जेष्ठ १३ गते | बर्दिवास, महोत्तरी |
| ११ | कर्जा तथा जोखीम व्यवस्थापन तालिम | ऋण अधिकृत कृष्ण प्रसाद उप्रेती | राष्ट्रिय सहकारी बैकं लि. | २०८०असार १३ र १४ गते | चन्द्रनिगाहपुर, रौतहट |
| १२ | बजार प्रतिनिधिहरुको क्षमता अभिवृद्धि तालिम | डिलमाया नेपाली , बजारप्रतिनिधी | राष्ट्रिय सहकारी बैकं लि. | २०८० असार १५ गते | चन्द्रनिगाहपुर, रौतहट |
| १३ | बर्षिक परामर्श बैठकमा सहभागी | अध्यक्ष देवबहादुर सापकोटा | राष्ट्रीय सहकारी बैकं | २०८० असार १५ गते | काठमाण्डौ |

**उल्लेखित तालिम बाहेक राष्ट्रिय सहकारी बैंक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) तथा विभिन्न संघ संस्थाहरूले आयोजना गरेको विभिन्न विषयमा भर्चुअल तालिम तथा गोष्ठीमा सञ्चालक, लेखा सुपरिवेक्षण समिति तथा कर्मचारीहरूको सहभागिता रह्यो ।**

## ७. गोष्ठी तथा सहभगिताहरू

- **नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून) को३१औं वार्षिक साधारण सभामा अध्यक्ष देव बहादुर सापकोटाको सहभगिता रह्यो ।**
- **राष्ट्रियसहकारी बैकको १९औं वार्षिक साधारणसभा जनकपुरमा अध्यक्ष देव बहादुर सापकोटा सहभगिता रह्यो ।**
- **रौतहट बचत तथा ऋण सहकारी संघ लि. को २६औं वार्षिक साधारण सभामा अध्यक्ष देव बहादुर सापकोटाको सहभागिता रह्यो ।**
- **मिति २०७९/०९/२२ गते स्थिरीकरण कोष परामर्श बैठक काठमाण्डौ मा सस्थाका अध्यक्ष देव वहादुर सापकोटाको सहभागीता रह्यो ।**
- **मिति २०७९/१२/१५ र १६ गते ग्रामीण उधम तथा विप्रेषण आयोजना समृद्धी बाट सञ्चालन गरिएको वित्तीय सेवा कार्यविधी तर्जुमा गोष्ठी इटहरीमा सस्थाका अध्यक्ष देव वहादुर सापकोटा र मुख्य ब्यवस्थापक यज्ञ प्रसाद प्रसाई को सहभागीता रहयो ।**
- **मिति २०७९ फाल्गुण २४ र २५ गते व्यवस्थापन प्रमुखहरूको गोष्ठी काठमाण्डौ मा संस्थाका मुख्य ब्यवस्थापक यज्ञ प्रसाद प्रसाई को सहभागी रह्यो ।**

## ८. निरीक्षण तथा अनुगमन

- **मिति २०७९ कार्तिक २२गतेनेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) का सहायक कार्यकारी अधिकृत सन्जय तिमल्सिना एवम अनुगमन अधिकृत श्यामराजा तिमल्सिनाज्यु ले प्रोवेशन अन्तिम परिक्षण गरी संस्थागत विकासका लागि सुझावहरू दिनु भयो ।**

- मिति २०७९ असोज ६गते राष्ट्रिय सहकारी महासघंका अध्यक्ष मिनराज कडेल नेफस्कुन सञ्चालक समिति सदस्य हरेराम प्रसाद पटेल ज्युर नेफस्कुनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलज्युले अवलोकन गरी प्रोवेशन ब्राण्ड प्राप्त साकोसलेसमुदायको सर्वोपरि हित, अनुशासन सहितको सदस्यमा केन्द्रीत रहि जीवन स्तरका निमित्त कार्य र समुदायको हितका निम्ती सफल हुनका लागि सुझावहरू दिनुभयो ।
- मिति २०७९ पौष १२ गते मधेश प्रदेशवाट निर्विरोध निवार्चित राष्टीय सहकारी बैकंको केन्द्रीय सञ्चालक विश्वनाथ मण्डल ज्यु ले स्थलगत अन्वेशणमा संस्थागत विकासका लागि सुझावहरू दिनु भयो ।

## १०.सामाजिक कृयाकलाप

- महिलाहरूको महान चाड तिजको उपलक्ष्यमा मिति २०७९ भाद्र १४ गते संस्थाको प्राङ्गणमा तिज विशेष कार्यक्रम आयोजना गरियो ।
- मिति २०७९/०५/१८ गते संस्थाको आयोजनामा सामुदायिक सेवा प्रतिष्ठान नेपाल गठ्ठाघर भक्तपुर को प्राविधिक सहयोगमा संस्थाको कार्यलयमा निशुल्क महिला प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरियो । जसमा ३३३ (तिन सय तेत्तिस) जना महिलाहरूले आफ्नो स्वास्थ चेक जाच गराउनु भएको थियो ।
- शेयर सदस्यको मृत्यु हुदाँ सम्पुर्ण संचालक समित, लेखा समिति तथा सल्लाहकार सदस्यहरूहरू सदस्यको घरमा गईसमवेदना प्रकट गर्दै राहत रकम रू ७३,०००। (तिरहत्तरहजार मात्र ) प्रदान गरियो ।
- सदस्यको घरमै गई ४५ जना बालबालिकाहरूलाई खुत्रुके वितरण गरियो ।
- मिति २०७९/१२/२५ गते शनिवार सस्थाको आयोजनामा सस्थाका बाल बचत कर्ताहरूलाई १ दिने मनोरञ्जनात्मक कार्यक्रम २०७ जना बाल सदस्यको साथमासहिद स्मृती पार्कमा सम्पन्न गरियो ।
- मिति २०७९ चैत्र १८ गते शनिवार का दिन इम्प्याक्ट नेपालको प्राविधिक सहयोग तथा राम रेवती प्रतिष्ठानको औषधि सहयोगमा कान स्वास्थ्य शिविर सञ्चालन गरियो । जसमा ३३० जनाले सेवा लिनु भयो ।
- मिति २०७९ साल चैत्र ६ गते देखी चैत्र १२ गते सम्म नयिदर्बा :यलभथ ध्भभप दृण्दृघ को अवसरमा वित्तीय सबलताको लागि ज्ञान, सिप र धारणा सुधार गर्ने विभिन्न उपायहरूको बारेमा प्रशिक्षण दिई वित्तीय साक्षरता तालिम सम्पन्न गरियो ।
- मिति २०७९ चैत्र १० गते शुक्रवार सस्थाको आयोजनामा चन्द्रपुर नगरपालीका भित्र रहेका मा.वि अन्तर्गत कक्षा ११ र कक्षा १२ मा अध्ययनरत विधार्थीहरू बिच १ दिने हाजिर जवाफ प्रतियोगिता होटल अल्पाईनको सभा हलमा सम्पन्न गरियो ।
- मिति २०७९ चैत्र ११ गते शनिवारका दिन ५५ बर्ष उमेर पुगेका जम्मा ७२ जना शेयर सदस्यहरूलाई १ दिने देवघाट चितवन मा तिर्थाटन भ्रमण सम्पन्न गरियो ।
- मिति २०७९ मंसिर १० गते शनिवारका दिन संस्थाको स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरियो ।

## ११. गुणस्तर सुनिश्चितता कार्यक्रम

- पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम ९एच्इद्यब्त्क्इल०मा मिति २०७१ भाद्र १० गते समझौता गरी शुरूवात गरिएकोमा २०७५ सालमा प्रथम पटक९एच्इद्यब्त्क्इल०ब्राण्ड प्राप्त गरीलगातार चार पटक नवीकरण गर्न सफल भएकोछ ।
- मिति २०७६भाद ६ गतेब्ज्ञ ऋभ्ग्‌उभतत्षष्भ ऋजयष्भ ायच ःहअर्भाभिलअभ ष्ल क्भचखष्अभ बलम क्यगलमलभकक (ACCESS) समझौता गरी शुरूवात गरिएको र उक्त कार्यक्रममा सफलता पाउन निरन्तर प्रयास जारी रहेकोछ ।

## १२.संस्थागत क्रियाकलाप

- मिति २०७९/१०/२८ गते सस्थाको कार्यालयमा आ. व. ०७९/०८० को अर्धवार्षिक समिक्षा संस्थाका सञ्चालक समिति लेखा समिति सल्लाहकार समिति र विभिन्न उपसमिति र कर्मचारीहरू बिच सम्पन्न गरियो
- मिति २०७९/११/०६ गते होटल अल्पाइनको सभाहल संस्थाको चार वर्षीय रणानितिक योजनाको आवधिक समिक्षा नेफ्सकूनका सहायक कार्यकारी प्रमुख गणेश प्रसाद तिमल्सिनाको प्रशिक्षणमा सम्पन्न गरियो ।
- मिति २०७९/११/१५ गते चन्द्रपुर पशु प्राविधिक समुहको प्राविधिक सहयोगमा एक दिने व्यवसायीक पशुपालन तालिम संस्थाका शेयर सदस्यहरूलाई संस्थाको कार्यालयमा ५९ जनाको उपस्थितिमा कार्यक्रम प्रस्तोता चन्द्रपुर न.पा. का पशु शाखा प्रमुख दुर्गा प्रसाद चिमोरीया ज्यु बाट सम्पन्न गरियो ।

- संस्थाको विभिन्न क्रियाकलाप को झलक समेत रहेको २०८० सालको भित्तेपात्रो छपाई गरियो ।
- मिति २०८०/०२/१९ गते सस्थाको आयोजनामा १४ औ कार्यकुशलता तथा सिकाई व्यवस्थापन तालिम होटल आरोहीको सभाहलमा सम्पन्न गरियो ।
- मिति २०७९/०४/०७ गते चन्द्रपुर १०चेतनगर बिर्तामा २९ जना सदस्यको सहभागितामा विस्तारीत मञ्च बैठक सम्पनन गरियो ।
- मिति २०७९/१२/०४ गते चन्द्रपुर-२ जुडिबेला कलटोलमा ७८ जना सदस्यको सहभागितामा विस्तारीत मञ्च बैठक सम्पनन गरियो ।
- मिति २०७९/१२/०९ गते चन्द्रपुर-९सिन्दुरेघारीमा ८४ जना सदस्यको सहभागितामा विस्तारीत मञ्च बैठक सम्पनन गरियो ।
- मिति २०८०/०१/१७ गते चन्द्रपुर-१पौराईमा २७ जना सदस्यको सहभागितामा विस्तारीत मञ्च बैठक सम्पनन गरियो ।
- मिति २०८०/०२/१७ गते चन्द्रपुर-३गैडाटारमा ३४ जना सदस्यको सहभागितामा विस्तारीत मञ्च बैठक सम्पनन गरियो ।

### १३. संस्थाको अवलोकन भ्रमण :

- महिला सेवा साकोस मकवानपुर पदम पोखरी बाट मिति २०७९ माघ २० गते सञ्चालक, उपसमिति, कर्मचारी र शेयर सदस्य बाट संस्था अवलोकन भ्रमण गर्नुभयो ।
- सिद्धी गणेश बचत तथा ऋण सहकारी संस्था लि. चोर्चा भक्तपुर बाट मिति २०७९ माघ २८ गते सञ्चालक, उपसमिति, कर्मचारी र शेयर सदस्य बाट संस्था अवलोकन भ्रमण गर्नुभयो ।
- ग्रामिण बचत तथा ऋण सहकारी सस्था. लि .चितवनवाट मिति २०७९ फाल्गुण ०३ गते सञ्चालक, उपसमिति, कर्मचारी र शेयर सदस्य बाट संस्था अवलोकन भ्रमण गर्नुभयो ।
- अथर्व बचत तथा ऋण सहकारी सस्था लि. भरतपुर चितवनबाट मिति २०७९ फाल्गुण २५ गते सञ्चालक, उपसमिति, कर्मचारी बाट संस्था अवलोकन भ्रमण गर्नुभयो ।
- महिला कल्याण बचत तथा ऋण सहकारी सस्था लि. मकवानपुरबाट मिति २०७९ फाल्गुण २६ गते सञ्चालक, उपसमिति, कर्मचारी बाट संस्था अवलोकन भ्रमण गर्नुभयो ।
- भुवनेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. काठमाण्डौ बाट मिति २०७९ चैत्र २४ गते सञ्चालक, उपसमिति, कर्मचारी बाट संस्था अवलोकन भ्रमण गर्नुभयो ।

## आगामीकार्ययोजना आर्थिक वर्ष २०८०/२०८१

### १. सदस्य विस्तार

संस्थमा शेयर सदस्यको प्रवेश लाई सहज बनाइने छ ।विद्यमान शेयर सदस्यमा वृद्धि गरी ४७०० पुऱ्याइनेछ। सबै सदस्यहरूलाई न्युनतम १० थान शेयर पुऱ्याउन जोड दिइनेछ ।सदस्य राहत कार्यक्रमलाई निरन्तरता दिइनेछ। शेयर सदस्यको दूई प्रकारको खाता अनिवार्य हुनु पर्नेछ । लक्षित समुदाय ( महिला, दलित, जनजाति, शारीरिक रूपमा असक्षम, भुमिहिन किसान) को प्रवेशलाई विशेष प्राथमिकता दिइनेछ ।

### २. बचत विस्तार

संस्थामा सम्पुर्ण सदस्यहरूलाई नियमित बचत, साधारण बचत, जस्ता बचतका प्रकारमा सरीक हुन प्रोत्साहित गरिनेछ। बाल बचत तथा जेष्ठ नागरिक बचतलाई प्रदान गरिएको प्रोत्साहालाई निरन्तरता दिइनेछ। कुनै पनि बचत खाता खोल्न थप शुल्क नलाग्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

### ३. ऋण लगानी

ऋण लगानीको क्षेत्रलाई थप प्रभावकारी बनाई विशेषत: आय आर्जन र उत्पादनमुलक काममा केन्द्रित गर्न जोड दिइनेछ। अषाढ मसान्तमा आर्थिक वर्ष २०७९/२०८० मा भाखा नाघेको कर्जा ४.३९प्रतिशत रहकोछ। भाखा नाघेको ऋण आगामी

वर्षमा यसलाई अझ न्युन बनाउन जोड दिईने छ। प्रत्येक ऋणमा ५सी को अध्ययन गरी अनुगमन तथा नियमितता तर्फ विशेष योजना बनाई लागु गरिने छ। व्याज दरमा सकारात्मक परिवर्तन गरिदै जानेछ। व्याज र भुक्तानी तालिकामा सरलीकृत गरिनेछ। सदस्यले आफ्नो संचित बचतको नब्बे प्रतिशत सम्मको ऋणमा संस्थाले लिदै आएको एक प्रतिशत व्यवस्थान शुल्क छुटलाई निरन्तरता दिइनेछ।

## ४. भौतिक पुर्वाधार

संस्थाको कार्यालय भवनको दोस्रो तल्लाको बाकी निर्माण कार्यसस्थाको वित्तीय अवस्था मुल्याङ्कन गरी निर्माण कार्य सम्पन्न गरिनेछ। संस्थाको कार्यालय सञ्चालन प्रणाली अझ प्रभावकारी बनाउन ल्यापटप, प्रिन्टर, कुर्सी, ष्चभ उचययया दराज, अग्नि नियन्त्रण यन्त्र ९ँष्चभ झ्तष्लनगष्कजभच०अन्य आवश्यकता अनुसार फर्नीचर सामग्री, उपकरण खरीद गरिनेछ।

## ५. शिक्षा, तालिम,अवलोकन भ्रमण तथा गोष्ठी

सदस्यहरूलाई आधारभुत सहकारी शिक्षा, शिपमुलक र आयमुलक तालीमहरूको व्यवस्था मिलाइनेछ। संभावीत सदस्यहरूका लागि पुर्व सदस्य सहकारी शिक्षा कार्यक्रम निरन्तरता दिइनेछ। प्रत्येक महिना टोलमा गई सहकारी शिक्षा, वित्तीय साक्षरता र सहकारी अर्न्तकिया गरिनेछ। सदस्यलाई व्यावसयिक पशुपालनतथा अन्य ताालिमको व्यवस्थापन गरिनेछ।संचालक समिति, लेखा समिति, अन्य उपसमिति र कर्मचारहरूको क्षमता अभिवृद्धि लागि आवश्यक तालीमको योजना बनाइनेछ साथै आवश्यक तालिममा सहभागी गराइनेछ। राष्ट्रीय तथा अर्न्तराष्ट्रीय तहका कार्यक्रमहरूमा सहभागितालाई निरनतरता दिईनेछ। असल ऋणी, असल बचत कर्ता भेला गरिनेछ। संस्थाकाशेयर सदस्य, सञ्चालक, कर्मचारीहरूलाइनमुना सहकारीहरूको स्थलगत अवलोकन भ्रमण गराईनेछ। संस्थाका क्रियाकलापहरूलाई झल्किने गरी २०८१सालको वार्षिक क्यालेण्डर छापिनेछ। जेष्ठ सदस्यका लागि सम्मान कार्यक्रम गरिनेछ।संघ संस्थाहरूको वित्तीय तथा प्राविधक सहयोगमा संचालित वित्तीय सचेतना कार्यक्रमको आयोजना गरिनेछ।

## ६. सदस्य सेवा तथा सुरक्षा

सदस्यहरूलाई दिएको सुविधालाई निरन्तरता दिदै सम्पुर्ण सदस्यहरूर्ला राहत कार्यक्रममा अनिवार्य सहभागी गराउन पहल गरिनेछ। सदस्यको एकाघर परिवारको सदस्यको मृत्यु भएको अवस्थामा समवेदना प्रकट गर्न सञ्चालक समिति जाने कार्यक्रमलाई निरन्तरता दिइनेछ।बाल सदस्यलाई खुत्रुके वितरण तथा केक, चकलेट वितरण कार्यलाई निरनतरता दिइनेछ। सदस्यहरूलाई बाहिर भएको अवस्थामा र बेखर्ची भएको अवस्थामा हे नव विकास योजना अनर्तगत रू ५०००l पाँच हजार सापटी दिईने कार्यलाई निरन्तरता दिइनेछ। सदस्यको घरमा विवाह गरी प्रवेश गरेको नव दुलही लाई दुलही भेटघाट कार्यक्रम गरिनेछ।

## ७. कर्मचारी सेवा

संस्थामा कार्यरत कर्मचारीहरूको क्षमता वृद्धिमा विशेष ध्यान पुऱ्याइनेछ। कर्मचारीहरूको कार्य क्षमता अनुसार तलब भत्तामा परिमार्जन गरिने तथा स्थायी गरिनेछ। कर्मचारी निति परिमार्जन गरी क्रमिक रूपमा लागु गरिनेछ। आवश्यकता अनुसार कर्मचारी थप गरिनेछ। कर्मचारीलाई प्रोत्साहन गर्न उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गरिनेछ

## ८. गुणस्तर सुनिश्चितता कार्यक्रम

PROBATION पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम लाई निरन्तरता दिइनेछ। नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.ले संघमा आवद्ध संस्थाहरूको गुणस्तरको सुनिश्चतताको लागि एशियाली ऋण महासंघ (ब्ऋऋग) को प्राविधिक सहयोगमा संचालित ब्ऋऋभ्क्क द्यचबलमष्लनकार्यकमलाई निरन्तरता दिइनेछ।

## ९. सामाजिक कायत्रम

सामाजिक कार्यक्रमलाई निरन्तरता दिदै यस वर्ष पनि स्वास्थय शिविर तथा महिला दिदि बहिनीहरूका लागि तीजमा नाचगान कार्यक्रमलाई महामारीको अवस्था हेरी निरन्तरता दिइनेछ रक्तदान कार्यक्रम सञ्चालन गरिनेछ। महिलाहरूका लागि पाठेघर सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। दैवी विपत्ति तथा समाजसेवामा पनि समयानुकुल कार्य गरिनेछ।

## १०. नीतिको विकास

संस्थाको सेवा प्रभावकारी बनाउनका लागि निर्देशिकाहरूको विकास, कार्यान्वयन र अद्यावधिक गरिनेछ। व्यवस्थापन कृयाकलापहरूलाई प्रभावकारी बनाउनका लागि आवश्यकता अनुसार कार्यविधीहरूको विकास, कार्यन्वयन र अद्यावधिक गरिनेछ।

## ११. छपाई तथा प्रकाशन

संस्थागत गतिविधीहरू सहितको स्मारिका (वार्षिक प्रतिवेदन , क्यालेन्डर, ब्रोसर, संस्थागत कार्य सम्पादनका लागि आवश्यक अन्य छपाईलाई निरन्तरता दिइनेछ।

## १२. सहकारी एकीकरण

समुदायमा सहकारी सम्बन्धमा सकारात्मक विश्वास वृद्धि गर्न का लागि वरपर रहेका सहकारी संस्थाहरू संग एकीकरण गर्न लागि अभियान सञ्चालन गरिनेछ।

यस संस्थाको सामुहिक हितकालागि विभिन्न तहतप्कामा रही सामुहिक सोचका साथ संस्थाको उन्नती र प्रगतिमा महत्पुर्ण योग्दान दिनुहुने सल्लाहकार ज्युहरू, सहकारीकर्मी मित्रहरू संस्थामा प्रतिबद्ध सम्पुर्ण सदस्यज्यूहरू शुभचिन्तक महानुभावहरू र सदस्यहरूको सेवाको लागि सदैव तल्लीन रहि यस संस्थालाई यहाँसम्म ल्याईपुर्‍याउन अहम भुमिका निर्वाहा गर्नुहुनेसंस्थाका कार्यलयप्रमुख ,मुख्य व्यवस्थापक यज्ञ प्रसाद प्रसाई लगायत सम्पुण कर्मचारी साथीहरूमा हृदयदेखी धन्यवाददिदैयो प्रतिवेदन यही अन्त गर्दछु।

जय सहकारी ! जय नवविकास !

नव विकास
बचत तथा ऋण सहकारी संस्था लि.
Nawa Bikas Saving & Credit Co-operative Ltd.
चन्द्रपुर नगरपालिका-४, चन्द्रनिगाहापुर, रौतहट

# १५औं वार्षिक साधारण सभा प्रस्तुत आर्थिक प्रतिवेदन २०७९/२०८०

आदरणीय शेयर सदस्यज्यूहरू,

नवविकास बचत तथा ऋण सहकारी संस्थाको तर्फ बाट र मेरो व्यक्तिगततर्फबाट समेत सहकारी अभिवादन अपर्ण गर्दछु। यस संस्थाको १५ौं वार्षिक साधारणसभा सम्पन्नहुनगइरहेकोछ। सहकारी अभियानलाई निरन्तरता, शेयर सदस्यमहानुभावहरूको सक्रिय सहभागिता, सहयोग, तथा सक्षम नेतृत्वकाकारण यहाँसम्म आइपुगेको हो भन्ने कुरामा हामीलाई विश्वास छ। नवविकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सहकारी ऐन, नियम मापदण्ड तथा सहकारी अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिन्द्धांतलाई पालना गर्दै सञ्चालनमा रहेकोले राष्ट्रिय सहकारी बैंक, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन), चन्द्रपुर नगरपालिकाबाट उत्कृष्ट संस्था हुन सफल तथा प्रोबेशन ब्राण्ड प्राप्त गर्न तथा नवीकरण गर्न सफल भएको छ र एसियाली ऋण महासंघ ACCU को स्तरीकरण कार्यक्रम ACCESS मा पनि सहभागी भएका छौं। कार्यक्षेत्र भित्रका समुदायका सदस्यहरूलाई विभिन्न प्रकारका बचत तथा ऋणका उत्पादनद्वारा सेवा सुविधा प्रदान गरिरहेकोछ।

आदरणीय शेयर सदस्य महानुभावहरू संस्थालाई आन्तरिक रूपमा सुदृढ र सुसंगठित गर्नमै ध्यान केन्द्रीत भइरहँदा यस संस्थाद्वारा गर्न सकिने अनेकन रचनात्मक तथा श्रृजनात्मक कार्यहरूमा उल्लेख्य भूमिका निर्वाह गर्न सकेनौं। यसका बावजुद पनि तपाइहरूको न्यानो माया र सद्भाव संञ्चालक समितिका क्रियाशील सदस्यहरूको विशेष सकृयता, कर्मचारीहरूको मेहनत र लगनशिलताका कारण संस्था प्रगतिपथमा अगाडि बढिरहेको कुरा सगौरब व्यक्त गर्दै आर्थिक वर्ष २०७९/२०८० मा भएको प्रगति विवरण समेत यसै प्रतिवेदनमार्फत राख्न चाहन्छु।

साथै २०७९ फाल्गुन ६ गते को पुनर्योजनाअनुसार अगामी दिनको लक्ष्य निर्धारण गरिएको यसै गरिमामय साधारण सभामार्फत जानकारी गराउन चाहन्छु।

१. शेयर सदस्यः शेयर सदस्य संख्यागत आर्थिक वर्षमा २८७२ रहेकोमा यस आर्थिक वर्षमा ३०६ थप भई ३१७८ पुगेको छ। जुन गत आर्थिक वर्षको तुलनामा १०.६५% वृद्धि भएकोछ भने लक्ष्यभन्दा ३२.३८% कमी भएको छ।

२. शेयर पुँजी– शेयर पुँजी रकम गत आर्थिक वर्षमा २,५३,११,९००/ मात्र रहेकोमा यस आर्थिक वर्ष रू ३३,८२,६०० मात्र थप भई रू २,८६,९४,५००/ मात्र हुन गएकोछ। गत वर्षको तुलनामा १३.३६% ले वृद्धि भएको छ। लक्ष्यभन्दा २७.९०% कम भएको छ।

३. जगेडा कोष– जगेडा कोष रकम गत आर्थिक वर्षमा १,७०,८७,१४८.४१/ रहेकोमा यस आर्थिक वर्षमा शेयर लाभांश कोष, संरक्षित पुँजी फिर्ता कोष, प्रवेश शुल्क तथा खुद बचतबाट समेत ४७,६७,४५५ थप भई रू १,९३,२६,८१९.०४.६ रहेको छ। गत वर्षको तुलनामा १३.११% ले वृद्धि भएकोछ।

४. बचत– बचत रकम गत आर्थिक वर्षमा २१,०१,८१,२४६/ भएकोमा यस आर्थिक वर्ष रू ३,८८,६२,०९०.७५ थप भई रू २४,९०,४३,३३६.७५ हुन गएको छ। गत वर्षको तुलनामा १८.४९% ले वृद्धि भएकोछ, लक्ष्यभन्दा १२..१५% कम भएको छ।

५. ऋण लगानी– ऋण रकम गत आर्थिक वर्षमा २५,२१,४८,६१६/ भएकोमा यस आर्थिक वर्ष रू २,५९,३१,९७६.३३ थप भई रू २७८०८०५९२.३३/ हुन गएको छ। गत वर्षको तुलनामा १०.२८% ले वृद्धि भएकोछ, लक्ष्यभन्दा७.३३% ले कम भएको छ।

६. बाह्य ऋण– बाह्य ऋण रकम गत आर्थिक वर्षमा ३,७७,०८,३३३/ भएकोमा यस आर्थिक वर्ष रू १०,०८,३३३/ ऋण चुक्ता भई रू ३,६७,००,०००/ हुन गएकोछ। गत वर्षको तुलनामा २.६७% ले कम भएको छ।

७. **लगानी हिसाब–** संघ संस्थामा शेयर लगानी तथा नियमित बचत रकम गत आर्थिक वर्षमा १,३६,८४,९०८.८४ भएकोमा यस आर्थिक वर्ष ९९,६६,०३०।२८ कम भई ३७,१८,८७८.५६ रहेको छ। गत वर्षको तुलनामा ७२.८२% ले कमभएको छ।

८. **आम्दनी तथा खर्च–** यस आर्थिक वर्ष २०७९/२०८० मा कुल आम्दनी रू ४,६३,२१,२६३।६५ रहेकोछ। गत वर्षको तुलनामा १८.३५% ले वृद्धि भएकोछ, लक्ष्य ४९००२७७८.४९ भन्दा ५.४७% ले कम छ। कुल खर्च रू ३,७८,०७,६३८।३८ रहेको छ। गत वर्षको तुलनामा २२.३७% ले वृद्धि भएको छ, विनियोजन गरिएको भन्दा बैठक खर्च १०,४४७/ स्तरीकरण खर्च (एकसेस तथा प्रोबेशन) ५५,२८७/ जेष्ठ नागरिक सदस्य ४३,५१०/ बिमाशुल्क २०४१९.३५ सामाजिक कार्यक्रम ४२०/ ऋण जोखिम कोष खर्च १२,६५,१२४।८५, रिबेट ७७,१३२.४६, बाल सदस्य कार्यकम ८४,५००/, ऋण प्रोसेसिङ चार्ज १,२६,६५०/ बढी भएकोले उपरोक्त खर्च अनुमोदन गर्न साधारण सभा समक्ष अनुरोध गर्दछु। उपरोक्त शिर्षक का खर्च बाहेक अन्य सञ्चालन खर्च कम गरिएको जानकारी गराउन चाहन्छु।

९. **कुल सम्पति–** अन्तिम लेखा परीक्षण पश्चात कुल सम्पति रकम गत आर्थिक वर्षमा रू ३०,७३,२१,८८५/ भएकोमा यस आर्थिक वर्ष रू ४,६८,७९,६९८/थप भई रू ३५,४२,०१,५८३/ हुन गएकोछ। गत वर्षको तुलनामा १५.२५% ले वृद्धि भएकोछ। २०७९ फाल्गुन ६ गतेको पुनर्योजना अनुसार लक्ष्य ३९,१०,८९,५०६.०७ भन्दा ९.४२% ले कम भएको छ। कुल सम्पतीमा पाउनुपर्ने ब्याज समाबेश गरिएकको छैन।

१०. **शेयर लाभांश वितरण–** आर्थिक वर्ष २०७९/२०८० को लेखापरीक्षण प्रतिवेदनअनुसार शेयर लाभांश १०.९८% अनुपातिक रूपमा वितरण गर्ने गरी सञ्चालक समितिबाट भएको निर्णय अनुमोदनका लागि प्रस्तावहरू पेश गर्दछु।

११. **संरक्षित पुँजी फिर्ता कोष वितरण–** आर्थिक वर्ष २०७९/२०८० को लेखा परीक्षण प्रतिवेदनबमोजिम संरक्षित पुँजी फिर्ता कोषको रकम सदस्यले संस्थामा वार्षिक रूपमा गरेको कारोबारको आधारमा वितरण गरिने व्योहरा जानकारी गराइन्छ। संस्थाबाट ऋण लिई समयमा साँवा र व्याज नबुझाई भाखा नघेका सदस्यहरूलाई संरक्षित पुँजी फिर्ता कोष वितरण गरीने छैन।

१२. **लेखा परीक्षण प्रतिवेदन विवरण–** यस संस्थाको आर्थिक वर्ष २०७९/२०८० को लेखा परीक्षणका लागि गत साधारण सभाबाट अख्तियारी प्राप्त संस्था दर्ता नं. ९६४ को सुवन थापाद्वारा लेखा परीक्षण प्रतिवेदनआवश्यकअध्ययनतथाजानकारीकालागि संम्लग्न गरेकोछ। उक्तप्रतिवेदन सञ्चालक समितिबाट स्वीकृत गरी यस गरिमामय साधारणसभामा अनुमोदनकालागि प्रस्ताव पेश गर्दछु।

आर्थिक प्रतिवेदनतयार पार्नमाकर्मचारी लगाएतप्रत्यक्षवाअप्रत्यक्ष रूपमा सहयोगगर्नुहुने सम्पर्णु महानुभावहरूमाधन्यवाद। निमन्त्रणा स्वीकारी गरिमामयउपस्थितिकालागि सम्पुर्ण महानुभावहरूमाकोषध्यक्षको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु

धन्यवाद, जय सहकारी !

दिनेश मैनाली
*कोषाध्यक्ष*

नव विकास
बचत तथा ऋण सहकारी संस्था लि.
Nawa Bikas Saving & Credit Co-operative Ltd.

चन्द्रपुर नगरपालिका-४, चन्द्रनिगाहापुर, रौतहट

# लेखा सुपरीवेक्षण समितिको आर्थिक वर्ष २०७९/२०८० वार्षिक प्रतिवेदन

शेयर सदस्यमहानुभावहरू,

पूर्वसंचालकतथा सल्लाहकार ज्युहरूको मार्गदर्शन,संचालक ज्युहरूबाट नीतिगत नेतृत्व व्यवस्थापनबाट कार्यान्वयन, सदस्यज्यूहरूबाट आ-आफ्नो जिम्मेवारी पूर्ण भुमिकाबाट संस्थाले यसआर्थिक वर्ष २०७९।२०८०मापनि२ वटा सम्मानप्राप्तगर्न सफलभएकोछ। नेपाल बचत तथा केन्द्रिय सहकारी संघ लि. (नेफस्कुन) बाट चौथो पटक२०७९ प्रोवेशन ब्राण्डनविकरण गर्न तथाप्रदेश स्तरीय उत्कृष्ट बचत तथा ऋण कारोवार तर्फ राष्टिय सहकारी बैंक लिमिटेड बाटसम्मानितभएकोछ। बचत तथा ऋण कारोबारमा केन्द्रित सहकारी सस्थाभएकोले सदस्यहरूलाई नियमित बचत लगायत धन श्रृजनामुलक बचतको परिचालन संस्थापुजीको विकासमानिति, विधि, प्रविधिएवं ऋण लगायतको जोखिमलाई न्युनिकरणको प्रत्याभुती सदस्यहरूको जीवनमा समृद्धी हासिल गराउने मुल उद्देश्यलिई संस्थाको दायित्वबहनगर्ने व्यक्तिहरू सचेत एंवम् सुशाशितभएर लाग्ननिकै आवश्यक पर्दछ।

"समुदायको आर्थिक, सामाजिकर सास्कृतिकविकासको सर्वोकृष्ट पद्धती सहकारी नै हो"भन्ने भावनाजनस्तरलाई अनुभुति गराउँदै स्पष्ट कार्ययोजनाहरूको हरेक क्रियाकलापहरूमा सदस्यहरूको सहभागीता सुनिश्चितताको विश्वाससमामात्र सहकारीको भविष्यजोडिएको हुन्छ भन्ने लागेकोछ।

आर्थिक वर्ष २०७९/२०८० मालेखासुपरिवेक्षण समितिको बैठक ४ पटक बसेकोछ।संस्थामासहकारी ऐन नियमावली, मापदण्ड संस्थाको विनियममा लेखासुपरिवेक्षण समितिको कामकर्तव्य र अधिकारको व्यवस्था रहेकोछ। कायमव्यवस्थाअनुसार सस्थाको कार्यविधि, कार्यसंचालनविधिहरू नियमनकारी निकायहरूबाट सुझाव एंव निर्देशनहरू प्रचलित अभ्यास र लेखाको सर्वमान्य सिद्धान्त अनुसार सस्थाको आर्थिक कारोवार र अन्यपक्षका प्रमाणित प्रमाणहरूको आधारमानिरीक्षण तथा अनुगमन गरेकाछौँ।निरीक्षण तथाअनुगमनको क्रममा भेटिएको कमीकमजोरीहरूलाई तत्कालै सुधार गर्न संचालक समितितथाकर्मचारीलाई सुझावदिने गरिएकोछ।

सहकारी मापदण्ड २०६८ को दफा ११.४ को व्यवस्था अनुरूपको अनुसुची २ को ढाँचामा रहेको व्यवस्थाअनुसार लेखा समितिको प्रतिवेदन प्रस्तुतगर्न गईरहेको छु।

१. अधिल्लो साधारण सभाको निर्णयहरू कार्यान्वयनको अवस्था :
   १४औं वार्षिक साधारण सभामाभएकाअधिकांशनिर्णयहरू सम्पन्नभएको पाईयो।

२. संचालक समिति बैठक संख्या र निर्णय कार्यान्वयनको अवस्था : २.१ आ.व. २०७९।२०८०मा संचालक समिति बैठक जम्मा १२ पटक गणपुरक संख्याको कमिले कुनै पनि बैठक स्थगितभएको पाइएन।
   २.२ संचालक समितिले गरेको निर्णहरू अधिकांशकार्यान्वयनभएको र कार्यान्वयनको अवस्थामा रहेको पाईयो

३. ऋण लगानीप्रक्रिया, ऋण बापतको सुरक्षण वाधितो सम्बन्धीव्यवस्था :
   ३.१. ऋण लगानीप्रक्रिया१३वटा ऋण शिर्षकमा सदस्यहरूको मात्रउपयोगिता योजना र भुक्तानीक्षमताको आधारमा ६ महिना देखि १०वर्ष सम्मको अवधिमाजोखिम रहित तबरबाट लगानीगर्ने व्यवस्था रहेको पाईयो।
   ३.२. मासिक, त्रैमासिक, अर्ध वार्षिककिस्तामा ऋण असुलीगर्ने व्यवस्था रहेको।
   ३.३. स्विकृत विधि सस्थाको ऋण निति २०७६ संशोधनअनुसार ऋण लगानीसीमा
      ३.३.१ व्यवस्थापक रू ५०००००/- सम्म।
      ३.३.२ ऋण उपसमिति५००००१देखि१०,००,०००/.सम्म।
      ३.३.३ संचालक समिति (ऋण उपसमितिसिफारिसमा १०,००,००१भन्दामाथिसम्म।
      ३.३.४ संस्थाको पहिलो लेखा परिक्षण प्रतिवेदनको आधारमाकायम (शेयर जगेडा कोषको १०५ बराबर १सदस्य ऋण सीमा निर्धारण गरिएको।
   ३.४. धितो सुरक्षण : कार्यक्षेत्र भित्रमा सडक विभाग, नगरपालिकाको सडक मापदण्ड र विद्युतीय उच्च भोल्टेज

(हाईटेशनलाईन)को केन्द्रविन्दु बाट १५/१५ मी., नदीखोला र खोल्साको प्रकृतिअनुसार १०० फिट कटाई खेती योग्य क्षेत्रफलको आधारमा मिलेको घडेरी धितो स्वीकार गर्ने गरेको। बचत रकमको आधारमा र सदस्यजमानीमा ऋण लगानीगर्ने व्यवस्था रहेको।

३.५. धितो मूल्यांकन विधि :

३.५.१ ऋण उपसमिति संयोजक,मुख्य व्यवस्थापक/ऋण अधिकृत ऋण रकम रू १००००००/ (दशलाख) सम्म

३.५.२ प्राविधिकमूल्याकनकर्ता१००००००/(दशलाख ) भन्दामाथी

३.५.३ मालपोत कार्यालय चन्द्रपुर रौतहटको सरकारी मूल्याकनको ३०५ र चलनचल्तीको ७०५दुबैको कुल योगबाट हुने ८०५ख कायम गर्ने व्यवस्था रहेको पाइयो।

४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्तविवरण :

सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५ पालनाएवंम् कार्यान्वयन गरेको पाईयो।

५. सहकारी कार्यालय विभागवा सम्बन्धी संघले अनुगमनगरि दिईएको प्रतिवेदन।

सहकारी विभाग बाट भएको अनुगमनको सुझावकार्यान्वियनभएको पाइयो।

६. पदाधिकारीहरूको पारिश्रमिकभत्ता र अन्य सुविधाहरूको विवरण

६.१. पारिश्रमिकः सञ्चालक समितितथापदाधिकारीको पारिश्रमिकनरहेको।

६.२ सञ्चालक समिति मासिक रू. १००० अन्य उपसमिति रू.५०० बैठक भत्ता रहेको, धितो निरीक्षणमा १००/(एक सय) ईन्धनखर्च दिएको पाइयो।

६.३. संस्थाको नाममा रहेको सिममाअध्यक्षज्यूलाई मासिक रू.४०० सञ्चार सुविधादिएको पाइयो।

६.४. लेखा समिति बैठक भत्ता रू.१००० दिएको पाइयो।

६.५ं. सम्पूर्ण भत्ताहरूमा १५५ कर कट्टा गरेको पाईयो॥

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू :

७.१. साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धीनियमावलीभएको।

७.२ कर्मचारी प्रशासननिमावलीप्रयोगमाल्याईएको।

७.३ भर्नाप्रक्रियापारदर्शिता र प्रतिस्पर्धी भएको।

७.४ कार्यरत कर्मचारीहरू र कार्यबोझबिचतदम्यता रहेको।

७.५ व्यवस्थापनप्रमुखको योग्यताव्यवस्थापनविषयमा स्नातक उत्तीर्ण रहेको।

७.६ कर्मचारीहरूको भर्नाप्रक्रिया र संख्या।

७.६.१. करार नरहेको

७.६.२. अस्थायी १ जना

७.६.३. स्थायी ९ जना

८. लेखा समितिको यस अघि दिईएको प्रतिवेदनबमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्था :

लेखा समितिले यस अघि दिइएकाप्रतिवेदनबमोजिमका सुझावहरू कार्यान्वयनभएको पाइयो।

९. लेखा समितिको उल्लेख गर्न चाहेकाअन्यविवरणहरू :

९.१. गतवर्ष सरंक्षितपुँजीफिर्ता कोषको रकमज्ञघज्ञज्ञटघडा।द्दद्द मध्ये बाट

सदस्यले ऋणको व्याजभुक्तानीमा ६०५को दरले रू. ७८६९८२।९३/

सदस्यको बचत रकमको व्याजमा ४०५को दरले रू. ५२४६५५।२९ /

सदस्यहरूको सदस्यबोनस खातामासंरक्षितपुँजीफिर्ताकोष हिसावभुक्तानी गरेको पाईयो।

९.२. बचत रकमको ९०% ऋणमा र आकस्मिक ऋण रू. १००००।- मा सेवाशुल्क छुट गरेको अन्य ऋणहरूमा सहकारी ऐनले व्यवस्था गरे अनुसार १५मात्र सेवाशुल्ककायम गरेको पाईयो।

९.३. ९०% ऋणमा नियमितबचतको भन्दा १५व्याजदर थपगरि लिइएको यथावत रहेको पाईयो।

| कर्मचारी उपदान वापतको व्यवस्थामा थप | १८३,९८५ | २८४,७८१ |
| ओभर टाईम खर्च | २९,८७८ | ८०,४६९ |
| कर्मचारी भ्रमण खर्च | २००,३९१ | २५२,००० |
| जम्मा | ३,९७०,२०३ | ३,४८०,९६१ |

**अनुसूची १६**
अन्य सञ्चालन खर्च

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| विज्ञापन र छपाइ खर्च | १५,००० | ११,५०० |
| घरभाडा | - | ४५५,५५८ |
| विमा खर्च | ५०,४१९ | २०,६०७ |
| मर्मत सम्बन्धी | ७०,६९१ | २५,१२० |
| विजुली तथा पानी | ४३,२९७ | ३५,९२५ |
| टेलीफोन तथा इन्टरनेट | ४२,४७७ | ३९,०२८ |
| क्यालेन्डर छपाई | ८०,००० | ७५,००४ |
| ईन्धन तथा यातायात | ८८,३५९ | ८८,३२६ |
| अतिथी सत्कार | ८०,०७८ | ५४,८३१ |
| साधारण सभा खर्च | ६१८,६१४ | ४४८,५९२ |
| जलपान खर्च | - | - |
| जेष्ठ नागरिक क्रियाकलाप खर्च | ८०,६३५ | १५,३६० |
| कार्यालय सफाई खर्च | ८,२२० | ६,०४० |
| खुत्रुके वितरण खर्च | ६१,०३० | ९०,६९० |
| सदस्यता शूल्क | ८,६१६ | ११,३६० |
| ह्रासकट्टी खर्च | ७२०,९२८ | २८८,६१५ |
| तालिम खर्च र कार्यक्रम खर्च | ११८,२१० | ५४,०४० |
| लेखापरीक्षण शुल्क | ८४,७५० | ८४,७५० |
| एक्सेस प्रोवेशन खर्च | ११७,७८७ | ४५,००० |
| वैठक भत्ता | १५३,००० | १७२,००० |
| वैठक खर्च | ६८,२८७ | ५२,८५६ |
| सफ्टवेयर वार्षिक खर्च | २,०११ | ४४,५९८ |
| सामाजिक कार्य खर्च | १२८,९०४ | - |
| मोवाईल बैंकिङ खर्च | ८,६६४ | ७,५५३ |
| कार्यालय सामान खर्च | ९,६६० | १,५४० |
| धितो मुल्याङकन खर्च | १८,००० | ४१,४०० |
| मसलन्द खर्च | २०३,२३० | १५०,४६१ |
| विविध खर्च | २३,१३५ | ३६८,६७० |
| व्याजमा छुट (Interest rebate) खर्च | ३२७,१३२ | १४५,४८५ |
| सदस्य राहत वितरण खर्च | ७,६०५ | १०,१५५ |
| ऋण खर्च | १२६,६५० | - |
| चकलेट खर्च | २३,९४६ | २१,९६६ |
| दुलही भेटघाट खर्च | २,००० | १,५०० |
| केक खर्च | १५१,८९० | १२१,९६८ |
| जम्मा | ३,५४३,२२६ | २,९९०,४९९ |

## नव विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड

चपुर-४ रौतहट, नेपाल

मिति २०७९ श्रावण १ देखि २०८० आषाढ ३१ सम्मको नाफा नोक्सान विवरण सँग सम्बन्धित अनुसूचिहरु

**अनुसूची १७**

सम्भावित नोक्सानी व्यवस्थामा थप

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| ऋण नोक्सानी कोष - भाखा ननाघेका ऋण | २५०,१४४ | ६६१,२०४ |
| ऋण नोक्सानी कोष - १ वर्ष सम्म भाखा नाघेका ऋण | ४,८९५ | ३,४२१,४१८ |
| ऋण नोक्सानी कोष - १ वर्ष भन्दा बढी भाखा नाघेका ऋण | १,६६६,३३६ | - |
| लगानि नोक्सानी व्यवस्थामा थप | - | - |
| जम्मा | १,९२१,३७५ | ४,०८२,६२२ |

**अनुसूची १८**

गैर सञ्चालन आम्दानी (खर्च)

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| सम्पति अपलेखन खर्च | - | (१,५७५) |
| सम्पति निसर्ग बाट लाभ | ३,३०९ | - |
| जम्मा | ३,३०९ | (१,५७५) |

**अनुसूची १९**

सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता

| विवरण | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|
| ऋण नोक्सानी कोष - भाखा ननाघेका ऋण | - | - |
| ऋण नोक्सानी कोष - १ वर्ष सम्म भाखा नाघेका ऋण | - | - |
| ऋण नोक्सानी कोष - १ वर्ष भन्दा बढी भाखा नाघेका ऋण | - | २,४१६,६८० |
| जम्मा | - | २,४१६,६८० |

# नव विकास बचत तथा ऋण सहकारी संस्था लि.

चन्द्रपुर-०४, रौतहट

**आ. व. २०७९/८० को वित्तिय विवरणसँग सम्बन्धित अनुसुचि**

## अनुसूची २०: लेखा सम्बन्धि नीति तथा टिप्पणीहरु

### २०.१ सामान्य जानकारी

चन्द्रपुर-०४, रौतहटमा अवस्थित श्री नव विकास बचत तथा ऋण सहकारी संस्था लि. ("संस्था") को स्थापना वि. स. २०६५ साल मङ्शिर १० गतेका दिन सहकारी विभागमा दर्ता गरी भएको हो (दर्ता न. ७५५) । हाल संस्थाले चन्द्रपुर नगरपालिकालाई आफ्नो कार्यक्षेत्र बनाई बचत तथा ऋणको कारोबार गर्दै आएको छ । वित्तिय विवरण तयार पार्दा सम्म संस्था को सदस्य सन्ख्या ३१७८ रहेको छ। संस्थाले आन्तरिक राजस्व विभाग बाट स्थाइं लेखा नम्बर (३०३५५५३१५) लिइ आफ्नो आर्थिक कारोबार गर्दै आएको छ। .

### २०.२ वित्तिय विवरण तयारीको आधार

वित्तिय विवरणहरु नेपाल लेखामान, सामान्य रुपमा स्वीकार्य तथा प्रचलनमा रहेका लेखा पद्वती, प्रचलीत मान्यताको आधारमा रही तयार गरिएका छन् । अन्यथा उल्लेख गरिएको बाहेक प्रोदभावी आधारमा वित्तिय विवरणहरु तयार पारिएको छ ।

अन्यथा उल्लेख गरिएको बाहेक सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सहकारी संघ संस्था दर्ता, संचालन, लेखा परिक्षण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०६८, सहकारी लेखा तथा लेखा परिक्षणका सर्वमान्य सिद्वान्हरुको अधिनमा रही यी वित्तिय विवरण तयार गरिएका छन ।

वित्तीय विवरणहरू निकटतम रुपैयामा परिणत गरी नेपाली रुपैयामा प्रस्तुत गरिएको छ ।

### २०.३ लेखा सम्वन्धी महत्वपुर्ण नीतिहरू

वित्तीय विवरणहरू तयार गर्दा अवलम्वन गरिएका लेखा नीतिहरू तल उल्लेख गरिएको छ । अन्यथा व्यवस्था भएकोमा बाहेक यी नीतिहरू लेखा विवरण प्रस्तुत गर्न नियमित (Consistent) रुपमा लागु गरिएको छ ।

#### १ ऋण लगानी तथा ऋण नोक्सानी ब्यवस्था

संस्थाले ब्यवसाय, कृषी, उद्योग, हायरपर्चेज, घर जग्गा खरिद, शैक्षीक, वैदेशीक रोजगार आदी शिर्षकमा ऋण लगानी गरेको छ ।

ऋण नोक्सानी ब्यवस्था गर्दा संस्थाले यस आ.ब. २०७९/८० को अन्त्यमा जम्मा असूल हुन बाँकी ऋणलाई भाका नाघेको आधारमा असल, शंकास्पद तथा खराब गरी तीन वर्गमा वर्गिकरण गरीक्रमशः १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले तल उल्लेख भए बमोजिम ऋण नोक्सानी ब्यवस्था कायम गरेको छ :

| क्र. स | बिबरण (२०८० आषाढ मसान्तको ऋण वर्गिकरण) | अवस्था | प्रतिशत | लगानीमा रहेको ऋण (२०८० आषाढ मसान्तमा) | ऋण नोक्सानी व्यवस्था |
|---|---|---|---|---|---|
| १ | भाखा ननाघेका तथा ३० दिन सम्म भाखा नाघेका ऋण | असल | १ | २६५,६६१,८७०.०० | २,६५६,११८.६२ |
| २ | ३१ दखि ३६५ दिन भाखा नाघेका ऋण | कमसल | ३५ | ९,२३३,०७२.०० | ३,२३१,५७५.२७ |
| ३ | १ बर्ष भन्दा बढि भाखा नाघेको ऋण | खराब | १०० | ३,२३५,६५०.०० | ३,२३५,६५०.०६ |
| | जम्मा | | | २७२,०८०,५९२.०० | ९,१२३,३४४.०३ |

## २ कर्मचारी ऋण

संस्थाका कर्मचारीहरुलाई नितिगत व्यवस्था गरी ऋण प्रदान गरिने व्यवस्था नभएकोले त्यस्तो प्रकारको ऋण लगानी भएको पाइएन तर कर्मचारीलाई समान्य सदस्य सरह ऋण सुविधा उपलब्ध गराउने गरेको पाइयो ।

## ३ ऋण अपलेखन

संस्थाले देहायमा उल्लेखित एक वा सो भन्दा बढी अवस्थाहरु विद्यमान भएमा ऋण अपलेखन गर्ने गरेको छ ।

क. कुनै पनि सदस्यले लिएको ऋण १ वर्ष भन्दा वढि समय भाखा नाघी थप १ बर्ष अवधि सम्म पनि संस्थाले हरप्रयत्न धितो लिलाम, धन जमानी कट्टा आदि. गर्दा पनि ऋण असुल हुन नसकेमा ।

ख. सदस्यको मृत्यु भै सकेको अवस्था र संस्थालाई निज ऋणीको जाय जेथा, जमानी वस्ने, तथा उसका नजिकका नातेदारबाट ऋण उठ्छ भन्ने पर्याप्त आधार नभएको अवस्था ।

ग. धेरै अवधि भाखा नाघेका कारण ऋण फांट द्वारा ऋण संकलन नहुने निर्धारण गरिएमा ।

घ. ऋणको भाखा २४ महिना भन्दा वढि समय नाघी ऋणी हराईरहेको र संस्थाले ९० दिन देखी ऋणी सँग सम्पर्क राख्न असमर्थ रहेकोमा ।

ङ. ऋणीले उपलब्ध गराएको बैक/चेकबाट रकम प्राप्त/साट्ने अवस्था नभई ऋण असुल गर्न नसकेको अवस्थामा ।

च. ऋणीको संस्थामा रहेको कुनै पनि बचत तथा निक्षेपका खाताबाट रकम सार्न नसकेमा ।

छ. ऋणीले जाल सांजी जमानीको किर्ते हस्ताक्षर, नक्कली लालपुर्जा आदि. गरी ऋण लिएको र ऋण उठ्ने कुनै पनि सम्भावना नरहेमा ।

ज. धितो विक्रीवाट पनि ऋण पुरा चुक्ता नहुने अवस्था भई संस्थाले घाटा व्यहोर्नु पर्ने अवस्था तथा सदस्यबाट भविश्यमा बांकी ऋण चुक्ता गर्ने अवस्था नरहेमा ।

झ. संस्थाको ऋण नीतिको अधिनमा रहि साधारण सभाले ऋण मिनाह गर्ने निर्णय गरेमा ।

## ४ लगानी

अनुसुची ८ मा उल्लेख भए बमोजिम लगानीहरु सहकारी सिद्वान्त र मुल्य मान्यता अनुरुप परल मुल्यमा लेखाङ्कन गरिएको छ ।

लगानीको हकमा नोक्सानीको अनुमान र त्यसका लागि कोषको व्यवस्था गरिएको छैन ।

## ५ स्थिर सम्पत्ती, ह्रास कट्टी तथा अपलेखन

स्थिर सम्पत्तीहरु परल मोलमा लेखाङ्कन गरी असाधारण क्षती तथा कुल ह्रास कट्टी घटाई देखाइएको छ । १ वर्ष भन्दा कम आयु भएका बस्तुहरु खरिद भएको वर्षमै खर्च जनाइएको छ । १ वर्ष भन्दा बढी आयु भएका प्रति इकाइ मुल्य रु २,००० भन्दा कम लागत भएका बस्तुहरुलाई भने सोही वर्ष खर्च जनाइएको छ । अपलेखन गरिएको उक्त रकमलाई नाफा नोक्सान हिसाबमा देखाइएको छ ।

जग्गालाई लागत मुल्यमा देखाइएको छ ।

ह्रास कट्टीको सन्दर्भमा अदृश्य सम्पत्ति बाहेकका स्थिर सम्पत्तिलाई संस्थाको आर्थिक निति अनुसार घट्दो प्रणालीमा ह्रास कट्टी गरि नाफा नोक्सान हिसाबमा खर्च लेख्ने गरिएको छ । अदृश्य सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको आयु अनुमान गरी Straight Line method मा गरिएको छ ।

ह्रास कट्टीका दरहरु देहाय बमोजिम प्रयोग गरिएका छन :

| क. स | विवरण | वार्षिक ह्रास कट्टी दर (प्रतिशत) |
|---|---|---|
| १ | भवन तथा सङ्रचना | ५ |
| २ | विधुतिय सामाग्री तथा उपकरण | २५ |
| ३ | फर्निचर | २५ |
| ४ | सवारि साधन | २० |
| ५ | अदृश्य सम्पत्ति | ५ वर्ष |

स्थिर सम्पत्ती अपलेखन गर्दा सृजना हुने नाफा वा नोक्सानलाई नाफा नोक्सान हिसाब विवरणमा लेखाङ्कन गरिएको छ ।

## ६ ब्याज तथा ऋण असुली

ऋणको असुली गर्दा हर्जना, ब्याज र साँवाको क्रममा असुली गर्ने गरिएको छ ।

## ७ अग्रीम भुक्तानी

भविष्यमा प्राप्त गर्न सकिने सेवाको व्यवस्थाको लागी अग्रीम रुपमा भुक्तानी गरिएको रकम नै अग्रीम भुक्तानी हुन् । अग्रीम भुक्तानीलाई भुक्तानी गरेको मितिमा नै पूर्ण मुल्यमा सम्पत्तीको रुपमा लेखाङ्कन गरिन्छ । सेवा प्राप्त गरेपछि वा सेवाको समयावधि समाप्त भएपछि अग्रीम भुक्तानीको रकम अपलेखन गरिन्छ ।

## ८ ब्यवस्थाहरु

व्यवस्थाहरु अनिश्चीत समय तथा अनिश्चीत रकमका दायीत्वहरु हुन । यसलाई दायीत्वको रुपमा त्यत्तीबेला लेखाङ्कन गरिन्छ जब संस्थाको विगतका घट्नाक्रमबाट दायीत्व (कानुनी वा संरचनात्मक) अवस्था उत्पन्न हुन्छ र ति दायीत्वको निसर्गका बखत आर्थिक लाभ हुने स्रोत बाहीरीने संभावना रहेको हुन्छ । र त्यस्ता दायीत्वलाई विश्वसनीय तवरबाट गणना गर्न सकिने अवस्था रहन्छ ।

अनिश्चीत समय तथा अनिश्चीत रकमका दायीत्वहरु जस्तै लेखापरिक्षण शुल्क, आय कर खर्च आदी जस्ता खर्चहरुको व्यवस्था गर्ने गरिएको छ ।

## ९ ब्याज तथ अन्य आम्दानी तथा खर्च

सहकारी मापदण्ड २०६८ बमोजीम सहकारीले गरेका ऋण लगानीमा प्राप्त हुने ब्याजलाई नगद प्राप्तीको आधारमा आम्दानी जनाइएको छ । नगद प्राप्त हुन बाँकी रहेको ब्याजलाई पुँजीकरण गरिएको छैन । त्यस्तै बैंक मौज्दातबाट प्राप्त ब्याजलाई आम्दानीको रुपमा लिइएको छ ।

अन्य संचालन आम्दानीलाई पनि पाकेको आधारमा लेखाङ्कन गरिएको छ । अन्य संचालन आम्दानीमा प्रवेश, व्यवस्थापन, निवेदन, खाता संचालन, खाता बन्दी र कमिशन आदी रहेका छन् ।

शेयरमा गरिएको लगानिमा भएको लाभाँशलाई प्राप्तीको अधिकार स्थापीत भएको आधारमा लेखाङ्कन गरिएको छ । संस्थाले प्राप्त गरेको नगद लाभांशलाई स्रोतमा करकट्टी पश्चात लेखाङ्कन गरिएको छ ।

बचत/निक्षेप दायीत्व तथा सापटीमा तिर्नु पर्ने ब्याजलाई पाकेको आधारमा लेखाङ्कन गरिन्छ । संस्थाले बचत अर्न्तगत दैनीक, मासीक, अनिवार्य, मुद्बती कर्मचारी, लखपति बचत, नारी बचत, बाल बचत आदी स्वीकार गरेको छ । बचत निति अनुरुप स्वीकार गरिने यस्ता बचतहरुमा निश्चीत अवधि तोकी ब्याज दिइने गरिएको छ । प्राप्त भएको मितिमा पुरा मुल्य लेखाङ्कन गरिने अवधि सकिएपछि माग्न आएको बखत तत्काल भुक्तानी दिइने र फछ्र्योट गर्ने गरिन्छ ।

संस्थाले खरिद गरेको उपभोग्य किसिमका सामाग्रीहरुलाई किनेको बखतमा नै खर्च जनाइएको छ ।

## १० कर्मचारी सुविधाहरु

कर्मचारी संचयकोषमा सहकारीले योगदान गरेको रकमलाई खर्चमा देखाई अवकाश कोषमा जम्मा गर्ने व्यवस्था छ ।

शोध भर्ना लिन सकिने संचित बिदाको रकमलाई सहकरीको मानव संसाधन निति अनुसार पाकेको आधारमा लेखाङ्कन गरिएको छ । २०८० आषाढ मसान्तमा सन्चित बिदा बापतको दायित्व रकम रु ४४३,४८६ रहेको छ ।

सहकारीको मानव संसाधन निति अनुसार कर्मचारीहरुको संस्थामा काम गरेको निश्चित अवधि पछि मात्र उपदान दायीत्व सिर्जना हुने प्रावधान रहेको छ । २०८० आषाढ मसान्तमा उपदान बापतको दायित्व रकम रु ६४६,८६१ रहेको छ ।

## ११ आयकर

आयकरको हिसाब आयकर ऐन २०५८ ,नियमावली र आर्थिक अध्यादेश २०७८ सम्मको सन्सोधित व्यवस्थाको आधारमा गरिएको छ ।

भविश्यमा आयकर कानुन अनुसार प्राप्त हुन सक्ने लाभलाई स्थगन कर सम्पत्ति मा लेखान्कन गरिएको छ ।

## २०.४ लेखा सम्वन्धी महत्वपुर्ण टिप्पणीहरु

### १ शेयर पुंजी तथा सदस्य संख्या

विभिन्न वर्षहरुमा संस्थाको शेयर पुंजी तथा सदस्य संख्याहरुमा निम्नलिखित टिप्पणीहरु भएका छन् ।

| आ.व. | विवरण | | | |
|---|---|---|---|---|
| २०७९/०८० | **शेयर पुंजी** | | | |
| | सुरु | थप | घट | जम्मा |
| | २५,३११,९०० | ४,०४६,९०० | ६६४,३०० | २८,६९४,५०० |
| | **सदस्य संख्या** | | | |
| | सुरु | थप | घट | जम्मा |
| | २,८७२ जना | ४८७ जना | १८१ जना | ३१७८ जना |
| | | | | |
| २०७८/०७९ | **शेयर पुंजी** | | | |
| | सुरु | थप | घट | जम्मा |
| | १९,८७२,५०० | ५,८८२,२०० | ३८२,८०० | २५,३११,९०० |
| | **सदस्य संख्या** | | | |
| | सुरु | थप | घट | जम्मा |
| | २,२७२ जना | ६५६ जना | ५६ जना | २८७२ जना |

### २. जगेडा कोष

सहकारी विभागद्वारा जारी गरिएको सहकारी ऐन २०७४ को दफा २७ र संस्थाको विनियम बमोजिम नाफा नोक्सान बाडफाड हिसाबबाट विनियोजन गरी जगेडामा रकमान्तर गर्ने व्यवस्था गरिएको छ। चालु आ.व. मा खुद नाफाको २५ प्रतिशतले हुन आउने रकम रु. २,०२६,६७३ जगेडा कोषमा रकमान्तर गरिएको छ। सहकारी मापदण्ड बमोजिम अन्य कोषमा खर्च नभई बाकी रहेको रकम रु.१७४,३७१ पनि जगेडा कोषमा रकमान्तर गरिएको छ । नियमित आयको कुनै पनि रकम प्रत्यक्ष रुपमा जगेडा कोषमा लगिएको छैन ।

### ३. अन्य कोषहरु

### क. बचत बाडफाडबाट सिर्जित कोषहरु :

संस्थाको खुद बचतबाट सहकारी ऐन २०७४ बमोजिमको रकम जगेडा कोषमा जम्मा गरेपछि बाकी रहन आएको रकम मध्येबाट १०० प्रतिशत मानी २५ प्रतिशत रकम संरक्षित पूँजी कोष र ०.५ प्रतिशत रकम सहकारी प्रर्वधन कोष जम्मा गरेपछि बाकी रहन आएको रकम मध्येबाट पुन १०० प्रतिशत मानी तोकिएबमोजिमका कोषहरुमा बाडफाड खडा गरिएको छ।

| अन्य कोषहरु | बाडफाड प्रतिशत |
|---|---|
| शेयर लाभांश कोष | ६५ |
| सहकारी शिक्षा कोष | ५ |
| सहकारी विकास कोष | ५ |
| कर्मचारी बोनस कोष | ५ |
| स्थीरीकरण कोष | ५ |
| घाटा पूर्ति कोष | ५ |
| सामुदायिक विकास कोष | ५ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ |

**ख. ऐच्छिक कोषहरु :**

सहकारी मापदण्ड, संस्थाको विनियम र नीति अनुसार ऋण जोखिम कोषमा यस वर्ष रु १,९२१,३७५ खुद थप गरी आ. व. अन्त्य मा रु ९,१२३,३४४ रकम कायम गरिएको छ। देहाय बमोजिमका ऐच्छिक कोषहरुको व्यवस्था गरिएको छ।

| विवरण | रकम रु. |
|---|---|
| सदस्य राहतकोष | १,५१०,२९२ |
| घर जग्गा कोष | १,३१,१८७ |

## ४ संलग्न पक्षवीच कारोबारहरुको विवरण

संस्थाको संचालकहरु, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरु, व्यवस्थापक र अन्य कर्मचारीहरुको आर्थिक संलग्नता रहेको व्यवसाय र संस्थासँग चालु आ.व. २०७९/०८० मा भएको आर्थिक कारोवार देखीएन।

## ५ वासलात मिति पछिका घटनाहरु

वासलात मिति पछिका घटनाहरु त्यस्ता अनुकुल तथा प्रतिकुल घटनाहरु हुन्। जुन वासलात मिति देखी वित्तीय विवरण जारी गर्नको लागी अनुमोदन गरिएको मितिका विच घटीत हुन्छन्। यस परिप्रेक्षयमा, वासलात मिति पश्चात घटीत सबै सारभुत तथा महत्वपूर्ण घटनाहरुलाई ध्यान दिइएको छ र यसलाई टिप्पणीमा उपयुक्त रुपमा प्रस्तुत गरिएको छ।

## ६ पर्ल्स अनुगमन प्राणालीको अबलम्बन

संस्थाको लेखा PEARLS ( Protection, Effective, Financial Structures, Assets Quality, Rates Of Return And Cost, Liquidity and Sign Of growth) अनुगमन प्राणाली लागू गर्न सहज हुने गरि राखीएको छ। पर्ल्स विश्लेषणका विगत दुई वर्षका महत्वपूर्ण सुचक र अवस्थाहरुलाई अनुसुचिमा देखाइएको छ।

## ७ स्थगन कर सम्पत्ति

स्थगन कर सम्पत्ति/(दायित्व) को गणना देहाय बमोजिम रहेको छ :

| विवरण | किताबी मुल्य रु | कर आधार रु | फरक रु | करको दर | रकम रु |
|---|---|---|---|---|---|
| स्थिर सम्पत्ति | १२,८२३,३३४।८३ | १२,२३७,७३१।०४ | (५८५,६०३।७९) | ५% | (२९,२८०।१९) |
| कर्मचारी सन्चित बिदा बापत को व्यवस्था | ४४३,४८५।६५ | | ४४३,४८५।६५ | ५% | २२,१७४।२८ |
| कर्मचारी उपदान बापत को व्यवस्था | ६४६,८६१ | | ६४६,८६१ | ५% | ३२,३४३।०५ |
| **२०८० आषाढ मसान्तको स्थगन कर सम्पत्ति/(दायित्व)** | | | | | **२५,२३७।६४** |
| घटाउने: २०७९ श्रावन १ को स्थगन कर सम्पत्ति/(दायित्व) | | | | | २१,९०३।०० |
| **यस वर्षको स्थगन कर (आम्दानी)/खर्च** | | | | | **(३,३३४।६४)** |

## ८ करयोग्य आय र मुनाफा रकम को मिलान

नाफा नोक्सान विवरण अनुसारको नियमित कारोबारबाट भएको मुनाफा र आयकर ऐन २०५८ अनुसार गणना हुने कर योग्य आयको मिलान तथा यस वर्षको कर व्यवस्था देहाय बमोजिम रहेको छ :

| विवरण | रकम रु |
|---|---|
| **खुद नाफा/(नोक्सान)** | **८,५१३,६२५.३०** |
| ह्रासकट्टी खर्च | ७१७,६१९.२९ |
| कर्मचारी सन्चित बिदा बापतको व्यवस्थामा थप | १६३,६७६.४८ |
| कर्मचारी उपदान बापतको व्यवस्थामा थप | १८३,९८५.०० |
| मर्मत तथा सम्भार | ७०,६९०.६९ |
| लाभान्श आम्दानी | (५१६,७४०.४२) |
| आयकर ऐन २०५८ कट्टी गर्न पाउने ह्रासकट्टी खर्च | (८५०,८५२.६६) |
| सन्चित बिदा बापतको भुक्तानी | (३२,०८८.००) |
| मर्मत तथा सम्भार | (४४,५५७.२९) |
| **करयोग्य आय** | **८,२०५,३५८.३९** |
| कर को दर | ५% |
| **यस वर्षको कर व्यवस्था** | **४१०,२६८** |

## ९ अन्य

नव विकास बचत तथा ऋण सहकारी संस्था लि..को कारोवारहरु लेखाका सर्वमान्य सिद्वान्त तथा सहकारी ऐन २०७४ को नीति निर्देशन अनुसार तयार पारिएका छन् ।

ब्याज दिनुपर्ने विभिन्न निक्षेप खाताहरुमा ब्याज दिँदा र विभिन्न ऋणमा ब्याज लिदाँ ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरिएको छ ।

बचत, आवधिक बचत र ऋणको ब्याजको न्यूनतम तथा अधिकतम दरको अन्तर केही बचतमा ३ प्रतिशत भन्दा बढी रहेको पाईयो । २०८० आषाढ मसान्तमा रहेको जम्मा निक्षेप तथा ऋण र उक्त मितिमा समाप्त आर्थिक बर्षको ऋणबाट आम्दानी ब्याज तथा निक्षेपमा भएको खर्च ब्याजको औसत ब्याज दर गणना गर्दा, आम्दानी ब्याज र खर्च ब्याजदरको सालाखाला अन्तर ४.८ प्रतिशत रहेको छ ।

२०८० आषाढ मसान्तमा, संस्थामा २३.५९ प्रतिशत तरलता कायम रहेको छ ।

लेखा विवरणहरु सहकारी ऐनले तोकेको ढाँचामा पेश गरिएका छन् । सोको निमित्त गतबर्ष सम्मका रकमहरु आवश्यकता अनुसार पुन वर्गीकरण गरिएका छन् तथा गत बर्षको अंकहरुलाइ प्रस्तुत वर्षको अंकसंग तुलनाहुने गरी आवश्यकता अनुसार पुर्नगठन वर्गीकरण गरिएको छ ।

संलग्न बित्तिय विवरणहरु निकटतम रुपैयामा प्रस्तुत गरिएको छ ।

गत बर्षको रकमहरु आवश्यकता अनुसार पुनः सामुहिकिकरण तथा पुनः वर्गिकरण गरिएको छ ।

## PEARLS रिर्पोट : २०८० असार ३१

| | Indicators -सुचकहरु) | Goal | Numerator | Denominator | Result | Obtained Marks |
|---|---|---|---|---|---|---|
| **P = Protection -सुरक्षण)** | | | | | | |
| P1 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको ब्यावस्था | १००% | २९८६१५८ | २९८६१५८ | १०० | १०० |
| P2 | १ महिना देखि १२ महिना सम्म भाषा नाघेको ऋणको लागि कोषको ब्यवस्था | ३५% | ३२३१५७५.२७ | ९२३३०७२.१९ | ३५.०० | ३५.०० |
| P2x | भाखा ननाघेको असल ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोषको अवस्था | १% | २६५८६१४ | २६५८६१३६२.३६ | १.०० | १.०० |
| P3 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋण अपलेखन गरिएको खर्च रकम | १००% | ० | ० | | |
| P4 | बार्षिक अपलेखन गरिएको ऋण | न्यूनतम | ० | ० | | |
| P5 | सञ्चित अपलेखन ऋण असुली | ७५% | ० | ० | | |
| P6 | तिर्न सक्ने सक्षमता | ११०% भन्दा बढी | ३८७,२४९,३८९.१८ | २७७,७३७,८३६.७५ | १३९.४३ | १३२.५९ |
| **E = Effective financial structure (प्रभावकारी बित्तिय संरचना)** | | | | | | |
| E1 | कुल सम्पतिमा खुद ऋणको अनुपात | ७०%–८०% | २६९,२०४,२४५.६६ | ३५४,२१०,५०३.१० | ७६.० | ७५.५ |
| E2 | कूल सम्पत्तिको अनुपातमा तरल लगानी | बढीमा १६% | ५८,७४७,७७२.६५ | ३५४,२१०,५०३.१० | १६.६ | ११.२ |
| E3 | कूल सम्पत्तिको अनुपातमा वित्तीय लगानी | बढीमा २% | ३,७१८,८७८.५६ | ३५४,२१०,५०३.१० | १.० | १.१ |
| E4 | कूल सम्पत्तिको अनुपातमा गैर वित्तीय लगानी | ०% | – | ३५४,२१०,५०३.१० | ०.० | ०.० |
| E5 | कुल सम्पतिमा बचतको अनुपात | ७०%–८०% | २४९,०४३,३३६.७५ | ३५४,२१०,५०३.१० | ७०.३ | ७०.६ |
| E6 | कुल सम्पतिमा बाह्य ऋणको अनुपात | ५% भदा कम | ३६,७००,०००.०० | ३५४,२१०,५०३.१० | १०.४ | १०.८ |
| E7 | कुल सम्पतिमा शेयरपुँजीको अनुपात | बढीमा २०% | २८,६९४,५००.०० | ३५४,२१०,५०३.१० | ८.१ | ८.४ |
| E9 | कुल सम्पतिमा खुद संस्थागत पुँजीको अनुपात | कम्तीमा १०% | १७,६५२,०१४.४४ | ३५४,२१०,५०३.१० | ५.० | ५.१ |
| **A = Assets quality (सम्पतिको गुणस्तर)** | | | | | | |
| A1 | कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण | ५% भन्दा कम | १२,२१९,२२९.९७ | २७८,०८०,५९२.३३ | ४.३९ | २५.१३ |
| A2 | कुल सम्पतिमा नकमाउने सम्पतिको अनुपात | ५% भन्दा कम | १५७९३४३५.१५ | ३५४,२१०,५०३.१० | ४.४६ | ६.३३ |
| A3 | शुद्ध लागतरहित कोषमा आय आर्जन नगर्ने सम्पतीको अनुपात | २००% भन्दा बढी | २०,६२१,२३७.५३ | १५७९३४३५.१५ | १३०.५७ | १००.७१ |
| **R = Rate of return (आम्दानी र खर्चको प्रतिफल दर)** | | | | | | |
| R1 | औषत कूल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी | औषत ब्याजदर | ४२,१५६,२७६.०३ | २६५,११४,६०४.११ | १५.९० | ११.०९ |
| R2 | औषत तरल सम्पत्तीको अनुपातमा तरल लगानीबाट प्राप्त आम्दानी | बजार दर | १,९५४,५७६.३७ | ४८,६०६,३११.२७ | ४.०२ | ३.६० |
| R3 | औषत वित्तिय लगानीको अनुपातमा वित्तिय लगानीबाट प्राप्त आम्दानी | बजार दर | ५१६,७४०.४२ | ३,७०१,८९३.७० | १३.९६ | १३.६० |
| R5 | औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च | बजार दर | २४८१०९१०.७१ | २२९६१२२९१.४ | १०.८१ | ८.८५ |
| R6 | औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्च | बजार दर | ३५६१९२२.९७ | ३७२०४१६६.७ | ९.५७ | ७.२६ |
| R7 | औषत शेयर पुँजीको अनुपातमा लाभांस वितरण | बजार दर >= R5 | १९६०३२९.०० | २७००३२०० | ७.२६ | ७.२९ |
| R9 | औषत सम्पतिमा संचालन खर्चको अनुपात | ५% भन्दा कम | ७,५०५,९५३.८१ | ३३०६६३२४८.८ | २.२७ | १.६३ |
| **L = Liquidity (तरलता)** | | | | | | |
| L1 | कुल निक्षेपमा तलरता | १६% | ५८,७४७,७७२.६५ | २४९,०४३,३३६.७५ | २३.५९ | १५.८८ |
| L3 | कुल सम्पतिमा आय आर्जन नगर्ने तरल सम्पतिको अनुपात | १% भन्दा कम | ९५१९.०० | ३५४,२१०,५०३.१० | ०.०० | ०.०८ |
| **S = Sign of growth (वृद्धिका संकेतहरु)** | | | | | | |
| S10 | सदस्य बृद्धिदर | १५% भन्दा बढी | ३०६ | २८७२ | १०.६५ | ९.८९ |
| S11 | कुल सम्पति बृद्धिदर | मुद्रा स्फिति भन्दा बढी | ४७०९४५०८.६८ | ३०७११५९९४.४२ | १५.३३ | ११.०२ |

# ऋण उपसमितिको प्रतिवेदन २०८०

आदरणीय शेयरधनी महानुभावहरू,

शेयर सदस्य महानुभावहरू, सहकारी मूल्य र मान्यतालाई आत्मासात गर्दै 'एकका लागि सबै, सबैका लागि एक' भन्ने नाराबाट अभिप्रेरित भई २०६५ सालमा स्थापित यस नव विकास बचत तथा ऋण सहकारी संस्थाले १५औँ बसन्त पार गरी १६औं बर्षमा प्रवेश गरेको छ । संस्था यस अवस्थासम्म आइपुग्दा विभिन्न आरोह अवरोहका साथ आइपरेका हरेक चुनौती र अबसरहरूलाई आत्मासात गर्दै आजको दिनसम्म संस्थाले हामीले अपेक्षा गरेअनुसारको विश्वासलाई अगाडि बढाउन र आफ्ना पाइलाहरूलाई सही गन्तब्यमा लैजान सफल भएको छ ।

संस्था सञ्चालन गर्न बनेको विनियमको दफा ४६ को व्यवस्था बमोजिम गठित यस ऋण उपसमितिले सञ्चालक समितिले लिखित रुपमा दिएको जिम्मेवारीका आधारमा नियमित क्रियाकलापहरू गर्दै उक्त क्रियाकलापहरूको प्रतिवेदन पेश गर्नु पर्ने नीतिगत व्यवस्था अनुसार उक्त क्रियाकलापहरूको प्रतिवेदन प्रस्तुत गरेका छौं । व्यवस्थापनले आवश्यक प्रक्रिया पूरा गरी निर्णयार्थ उपसमितिमा पेश गरेको फाइलहरूको आवश्यक छलफल तथा जाँचबुझ गर्नुपर्नेमा जाँचबुझ समेत गरी उपसमितिको साझा मतका आधारमा आफ्नो क्षेत्राधिकार भित्रको सबै ऋणहरूको लगानीका लागि स्वीकृत गर्नु तथा क्षेत्राधिकार माथिको ऋण निर्णयार्थ सिफारिस गर्नु ऋण उपसमितिको दायित्व तथा भूमिका हो । उपसमितिले ऋण स्वीकृत गरिसके पश्चात आवश्यक प्रक्रियाहरूको अवलम्बन गरी लगानी गर्नु व्यवस्थापनको दायित्व हो ।

**ऋण उपसमितिले प्रतिवेदन अवधिमा सम्पन्न गरेका क्रियाकलापहरू :**

| | |
|---|---|
| आर्थिक वर्ष २०७९/२०८० बसेको बैठक संख्या | ४३ |
| आर्थिक वर्ष २०७९/२०८० बैठकमा उपसमितिका सदस्यहरूको सहभागिता | सबै |
| आर्थिक वर्ष २०७९/२०८० मा स्वीकृत ऋण फाइल संख्या | ७३ |
| आर्थिक वर्ष २०७९/२०८० मा सिफारिस ऋण फाइल संख्या | १२ |
| आर्थिक वर्ष २०७९/२०८० मा अस्वीकृत ऋणी फाइल संख्या | ७ |
| आर्थिक वर्ष २०७९/२०८० ऋण लगानीका लागि स्वीकृत गरेको ऋण रकम | ५,०१,०१०००/ |
| आर्थिक वर्ष २०७९/२०८० ऋण लगानीका लागि सिफारिस गरेको ऋण रकम | १,५३,८०,०००/ |
| **व्यवस्थापकबाट ऋण लगानी रकम** | |
| व्यवस्थापकले आर्थिक वर्ष २०७९/२०८० मा लगानी गरेको फाइल संख्या | ७०५ |
| व्यवस्थापकले लगानीका लागि आर्थिक वर्ष २०७८/२०७९मा स्वीकृत गरेको रकम रू. | १३,७०,७५,३००/ |
| जम्मा लगानी विवरण | |
| आर्थिक वर्ष २०७९/२०८० मा जम्मा लगानी गरेको ऋण रकम | 20,25,56,300. |
| आर्थिक वर्ष २०७९/२०८० अशुली भएको ऋण रकम | 17,66,24,323.56 |
| आर्थिक वर्ष २०७९/२०८० को अन्तमा लगानीमा रहेको ऋण रकम रू | 27,80,80,592.33 |
| अशुली दर | ९८.७८ |

**ऋण लगानी तथा ऋण नोक्सानी व्यवस्था** : संस्थाले सदस्य सुविधा ऋण, व्यवसाय प्रवर्द्धन ऋण, कृषि तथा पशुपालन ऋण, पशुधन ऋण, व्यापार/व्यवसाय ऋण, घर जग्गा ऋण, शैक्षिक ऋण, स्वास्थ्य ऋण, सामाजिक ऋण, घरायसी ऋण, हायर पर्चेज ऋण, वैदेशिक रोजगार ऋण, आकस्मिक ऋण, आदि शिर्षकमा ऋण लगानी गरेको छ। ऋण नोक्सानी ब्यवस्था गर्दा संस्थाले यस आ.व. २०७९/८० को अन्त्यमा जम्मा असूल हुन बाँकी ऋणलाई भाका नाघेको आधारमा असल, शंकास्पद तथा खराब गरी तीन वर्गमा वर्गीकरण गरी क्रमशः १ प्रतिशत, ३५ प्रतिशत र १०० प्रतिशतको दरले तल उल्लेख भए बमोजिम ऋण नोक्सानी ब्यवस्था कायम गरेको छ :

| क्र.स | विवरण (२०८० आषाढ मसान्तको ऋण वर्गिकरण) | अवस्था | प्रतिशत | लगानीमा रहेको ऋण (२०८० आषाढ मसान्तमा) | ऋण नोक्सानी ब्यवस्था |
|---|---|---|---|---|---|
| १ | भाखा ननाघेका तथा ३० दिनसम्म भाखा नाघेका ऋण | असल | १ | 265,611,870.08 | 2,656,118.70 |
| २ | ३१ देखि ३६५ दिन भाखा नाघेका ऋण | कमसल | ३५ | 9,23,30,072.19 | 3231575.27 |
| ३ | १ बर्षभन्दा बढी भाखा नाघेको ऋण | खराब | १०० | 3,235,650.06 | 3,235,650.06 |
| | जम्मा | | | 27,80,80,592.33 | 9,123,344.03 |

सदस्यहरूको ऋण माग र संस्थाको पूँजीको स्रोतलाई मध्यनजर गर्दै आगामी आ.ब. मा आयमुलक ऋणको मागलाई बढाउँदै लगिनेछ। शेयरधनी महानुभावहरू, यस संस्थाले आगामी दिनमा पनि ऋण लगानी र असुली महत्वपूर्ण पाटो भएको हुँदा सचेत र सजगता अपनाई लगानी गर्नुपर्ने अवस्था रहेको जानकारी गराउन चाहान्छु। एकातिर संकलित बचतलाई पारदर्शी ढंगले आफ्ना सदस्यहरूलाई लगानी गरी उनीहरूको कमजोर आर्थिक अबस्थालाई रूपान्तरित गरी सर्वाङगीण विकास गर्ने सहकारी संस्थाहरूको उद्देश्य रहेकोछ, अर्कोतर्फ संकलित बचतलाई प्रतिस्पर्धात्मक आकर्षक ब्याज प्रदान गर्ने यस संस्थाको उद्देश्य रहेकोछ।

अन्तमा यस संस्थालाई आजको यस स्थितिसम्म पुर्‍याउन हर क्षेत्रबाट सहयोग पुर्‍याउने शेयर सदस्य एवं सम्पूर्ण शुभचिन्तक बर्गमा ऋण उपसमितिकोतर्फबाट आभार ब्यक्त गर्दै बिदा हुन्छु।

रामजी तिमल्सेना
ऋण उपसमति संयोजक

# महिला उपसमितिको प्रतिवेदन २०८०

आदरणीय शेयरधनी महानुभावहरू

यस नवविकास बचत तथा ऋण सहकारी संस्थाको १५औँवार्षिक साधारण सभाको अवसरमा सम्पूर्ण शेयर सदस्यमहानूभावहरू, सञ्चालक समित, लेखासिमति, सल्लाहकार, उपसमितिहरू र सस्थाकाकर्मचारीहरूमामहिलाउपसमितिको तर्फबाट हार्दिक अभिवादनव्यक्तगर्न चाहन्छु । ।महिलापुरूष सबै मिलेर सामाजिककार्यमा अघि बढ्ने उद्देश्यका साथ यस सस्थाको संचालक समितिले महिलाउपसमिति गठन गरी सहकारी क्षेत्र एवं समाज सुधारमामहिलाहरूको क्षमताअभिबृद्धि गराई अगाढि बढाएकोछ ।संस्थाको १५औँ वार्षिक साधारण सभामामहिलाउपसमितिको तर्फबाट प्रतिवेदन प्रस्तुतगर्न पाउदा म गौरवान्वितभएकोछु । महिला सदस्यहरूमाविभिन्नविशेष कार्यक्रमहरू संचालन गरीमहिला केन्द्रितकार्यत्रमको प्रभावकारी भुमिकाभएकोले महिला शेयर सदस्यहरू बढ्ने ऋमृमा रहेकोछ ।

यस संस्थाको विगत ५ वर्षदेखि कुल शेयर सदस्य संख्यामामहिला सदस्यको संख्यानिम्नअनुसार वृद्धि भएकोछ ।

२०७५।०७६ कुल सदस्य संख्या १७६१ महिला ९४२ पुरूष ८१९

२०७६।०७७कुल सदस्य संख्या १९२० महिला १०५२ पुरुष ८६८

२०७७।०७८कुल सदस्य संख्या २२७२ महिला १३०१ पुरूष ९७१

२०७८।०७९कुल सदस्य संख्या २८७२ महिला १६१६ पुरुष १२५४सस्थागत ८

२०७९।२०८० कुल सदस्य संख्या ३१७८ महिला १८०२ पुरूष १३६६ सस्थागत १०

यस आर्थिक वर्षमा संस्थाले महिलाहरूको महान चाड तिजको उपलक्ष्यमामिति २०७९ भाद्र १४ गते संस्थाको प्राङ्गणमा तिजविशेष कार्यक्रमआयोजनागरियो ।मिति २०७९/०५/१८ गते संस्थाको आयोजनामा सामुदायिक सेवा प्रतिष्ठान नेपाल गठ्ठाघर भक्तपुर को प्राविधिक सहयोगमा संस्थाको कार्यलयमानिशुल्कमहिलाप्रजनन स्वास्थ्यशिविर सञ्चालनगरियो । जसमा ३३३ (तिन सय तेत्तिस) जनामहिलाहरूले आफ्नो स्वास्थ चेक जाच गराउनु भएको थियो । लघुवित्त तथा साना ऋण लगायतअन्य सुविधाप्राप्त गरी महिलाहरूको आफ्नो आर्थिक उन्नतिमा टेवापुगेको छ भने आफु सँग भएकाथोरै रकमलाईवचत गरी आवश्यक्ताअनुसार खर्च गर्ने गरेका छन् । चार पाँच सय रूपैयापनिकतैबाट निकाल्ननसक्ने महिलाहरू यस संस्थाबाट साना ऋण सुबिधाप्राप्त गरी तरकारी खेती, बाख्रापालन, किरानापसलव्यवसाय संचालन गरेर आर्थिक उन्नतीतर्फ अगाडि बढेका छन् । साधारण सभालगायतका संस्थाले आयोजना गरेको जुनसुकै कार्यक्रम्मामहिलाहरूको उल्लेख्य उपस्थिति र सहभागीहुने गरेकोछ ।

अन्तमामहिलाउपसमिति संयोजन गरि गरिएका सबै कार्यकमाआफ्नो तर्फबाट सहयोग गर्नुहुने सबै सहयोगीहातहरू र कार्यकमलाई व्यबस्थापनएवम सफलपार्नको लागीआआफ्नो तर्फबाट सहयोग पुऱ्याउनुहुने सबैलाई हार्दिक धन्यवाद । आगामीदिनहरूमापनिमहिलाउपसमिति बाट महिला सदस्यकालागीविभिन्नप्रकारकाशिपमुलकतथा नेतृत्वबिकास तालीमएवमगोष्ठीहरू संचालनगदै जाने बिश्वासका साथ मेरो संक्षिप्तप्रतिबेदनयहीअन्तयगर्न चाहन्छु ।

**विमलादेवी ढकाल**
महिला उपसमति संयोजक

# सदस्य विस्तार उपसमितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू

सहकारी मुल्य र मानयतालाई आत्मसात गर्दै 'एकका लागि सबै सबैका लागि एक' भन्ने नाराबाट अभिप्रेरित भई २०६५ सालमा स्थापित यस संस्थाले १४औं वर्ष पारगरि १५औंवर्षमा प्रवेश गरेकोछ। संस्था यस अवस्थासम्म आईपुग्दाविभिन्नआरोह अवरोहकाचुनौती र अवसरलाई आत्मसातगर्दै आजयस संस्थाले अप्रत्याशितविश्वासलाई अगाडी बढाउन आफ्नापाइलाहरूलाई सहीगन्तव्यतर्फ लैजान सफल रहेकोछ।

संस्थाको स्थापनाकाल देखि आज यो सदृढ र सबल सहकारी संस्थाको स्वरूप सम्मल्याउन यस संस्थाका संस्थापक सदस्यहरू, विगतकासंचालक समितितथाउपसमितिकापदाधिकारीएवं शेयर सदस्यतथाकर्मचारीहरूको योगदानलाई हार्दिकता साथ स्मरण गर्दे यस गरिमामय साधारण सभामातीअमुल्यव्यक्तिहरू धन्यवादकापात्रबन्नु भएको छ।जसले यस प्रकारको सोचाईको शुरूवातगर्नुभयो।

आदरणीय शेयर सदस्यमहानुभावहरू २०६५ सालमा स्थापनाभई शुरूवातगरिएकोमागतआर्थिक बर्षमायस संस्थामागतवर्ष शेयर सदस्य महिला १६१०, पुरूष १२५४, संस्थागत सदस्य ८ बालबचतकर्ता ९४७ गरी जम्मा ३८१९ रहेकोमाहालउक्त सदस्यमा ४०८ जना सदस्य वृद्धी भई १०५ जना सदस्यफिर्तागई यस आर्थिक वर्षमामहिला १८०२, पुरूष १३६६, सस्थागत सदस्य १० बालबचतकर्ता १०७५समेत जम्मा ४२५३ पुगेकोछ।जुन अघिल्लो आ. ब.तुलनामासमग्रमा ११.३६प्रतिशतले बृद्धि भएकोछ। संस्थमा शेयर सदस्य वृद्धिहुनु खुशीको कुरा हो भने सदस्य वृध्दि साथै सदस्यको सेवालाईव्यवस्थितगर्नुपनि संस्थाको त्यतिकै चुनौतिको कुरा पनिहो। संस्थाको मेरूदण्ड भनेको सदस्य, शेयरतथा बचत हो भन्ने कुरा हामिले महशुश गरेकाछौ।

यस संस्थाको विगत ५ वर्षदेखि कुल शेयर सदस्य संख्यामामहिला सदस्यको संख्यानिम्नअनुसार वृद्धि भएकोछ।

२०७५।०७६ कुल सदस्य संख्या १७६१ महिला ९४२ पुरूष ८१९
२०७६।०७७कुल सदस्य संख्या १९२० महिला १०५२ पुरूष ८६८
२०७७।०७८कुल सदस्य संख्या २२७२ महिला १३०१ पुरूष ९७१
२०७८।०७९कुल सदस्य संख्या २८७२ महिला १६१६ पुरूष १२५४सस्थागत ८
२०७९।२०८०कुल सदस्य संख्या ३१७८ महिला १८०२ पुरूष १३६६ सस्थागत १०

सदस्यविस्तार उपसमितिले सदस्यविस्तारकालागि समयमा घरदैलो कार्यक्रमगर्दे आएकोछ।सहकारीको शुरूवातअर्थिक शोषण, उत्पीडनबाट मुक्तिपाउन, कुनै पनिप्रकारकाप्रकोप,विपत्ति बाट समुदायकामानिसहरूलाई सुरक्षित राख्नगरिएको पाइन्छ। जात-जाति, लिंग, वर्ग सम्प्रदायआदिको आधारमाकुनै विभेद नगरीकन् यस भित्रको गतिविधिमा समानता र सदस्यकै पुर्ण प्रजातान्त्रिक नियंत्रण रहन्छ। फरक फरक मत र विचारधाराको नाममाबिभाजितमानसिकतालाई छोडेर र समुदायमा एकजुट भएर अगाडी बढेमाआफ्नालक्ष्यहरू हासिलगर्न सकिन्छ भन्ने कुरा सहकारी अभियानले साबित गरेको छ।

हामी यस वर्ष संस्थाको कार्यालय संचालन र दिगो संस्थागतविकासको सोच सहित अघि बढेका छौ। सदस्यहरूको पुँजीको उच्चतमप्रतिफल, वृत्तितथाव्यवसायिकविकास, सामाजिक र उत्तरदायित्वको भावनालाई कसरी अभिवृद्धि र प्रभावकारी कार्यान्वयनगर्न सकिन्छ भन्ने विषयमाकार्ययोजनानिर्माण र कार्यान्वयनमागम्भिर छौं।

अन्तमा यस संस्थमा १५औं वार्षिक साधारणसभामा व्यक्तगर्नु भएका महत्वपूर्ण सल्लाह सुझावलाई मार्गदर्शनको रूपमालिई सोहीअनुसार कार्य संचालनगर्दै जाने प्रतिवद्धता व्यक्तगर्न चाहन्छु।

यस संस्था द्वारा संचालीतकार्यक्रममाआ-आफ्नो तर्फबाट पुऱ्याउनु भएको योगदानको सम्मानगर्दै यस सभामाआफ्नो अमुल्य समय दिई उपस्थित हुनु भएका सम्पूर्ण शेयरसदस्य महानुभावहरू तथाअन्य उपस्थित सबै महानुभावहरूप्राति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु।

**मोमिनप्रसाद बजगाईं**
सदस्य बिस्तार उपसमति संयोजक

सदस्यको वित्तीय समाधानको पहिलो रोजाइको प्रविधियुक्त, दिगो र सबल साकोस।
नव विकास
बचत तथा ऋण सहकारी संस्था लि.
Nawa Bikas Saving & Credit Co-operative Ltd.
चन्द्रपुर नगरपालिका-४, चन्द्रनिगाहापुर, रौतहट
नेफ्स्कून

# बचत विस्तार उपसमितिको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू

सहकारीको स्थापना तथा इतिहासको कुरा गर्दा वेलायतका रेवर्ट ओबेनले सन १८२५ माउपभोक्ता सहकारी को स्थापना गरेकाथिए तर त्यसले निरन्तरतापाएन र वेलायतकै रोजडेल सहरका २८ जनाजुफारू युवाहरूको समुहले १८४४ माउपभोक्ता सहकारीको सुरूवातगरेकाथिए। दक्षिण र उत्तर अमेरीकाको लडाइका कारण बाहिरबाट आउने कच्चापदार्थको अभावभएकाले रोजडेलकायुवाहरूलाई समेत संकट परेको पाइन्छ यसैगरी जर्मनकाँ।धराइफाइसनले १८५०मा बचत तथा ऋण सहकारीको सुरूवात गरेकाले उहालाई नै बचत तथा ऋण सहकारी कापिता (जन्मदाता ) मानिन्छ । नेपालको कुरा गर्दा नेपालीनागरीक वेलायतमाजागीरखाई रिटायर भएर आएका खडग वहादुर गुरूङ (वखान सिंह) ले २०१३चैत्र २०गते चितवनमावखान सहकारीको स्थापना गरी बाडी पहिरोले पिडित किसानहरूलाई ऋण दिई कारोवार संञ्चालन गरेको पाइन्छ । यसरी सुरूवातभएको सहकारी अनेकनआरोह अवरोह पार गर्दै हालआएर नेपालमा२९८८६ सहकारीहरू रहेका छन ।

सदस्यमहानुभावहरू सदस्यनै मालिक, सदस्यकै बचत, सदस्यलाई नै लगानी, सदस्यलाई नै प्रतिफलहुने सहकारीमाआजको बचत भोलिको सुखमयजीवनको आधार हो भन्ने विचार ले संस्थाले सदस्यहरूलाई जन्म देखी मृत्यु सम्मको नवविकास साकोस हामी संग भन्ने नारा साथ संस्थाले सदस्यको घरमा संतानको जन्महुँदा रू ५०५ खुत्रुके बचत खाताखोली सदस्यको संतानको बचतको सुरूवातगर्ने गरेकोछ । बाल बचत तथा जेष्ठ नागरिक बचतलाई प्राथमिकता साथ अघि बढाइएकोछ । बाल सदस्यको जन्मदिनको अवसरमा रू १००० भन्दामाथि बचत भएको सदस्यलाई चकलेट र २५००० भन्दामाथि बचत भएको सदस्यलाई केक दिने व्यवस्थापनगरिएको छ। जेष्ठ नागरिक बचत खाताभएको सदस्यलाई जम्मदिनको अवसरमाहर्लिक्स वाफलफुलउपहार प्रदान गरी शुभकामनाव्यक्तगर्ने गरीएको छ। सस्थाले सदस्यको आवश्यकतापहिचानगर्दे देहायको बचत सेवा हरू प्रदानगर्दे आएको छ।

संस्था स्थपनामा ३५ जना शेयर सदस्यहरूको ३५ लाख रूपैंयाको संकलन गरी सञ्चालनमा रहेको संस्थाआजको दिन १५औ सधारणसभा सम्मआई पुग्दा ३१७८।- जना सदस्यहरू समेटी रू. २,८६,९४,५००।- (रू दुई करोड छयासी लाखचौरान्बबे हजार पाँच सय) शेयर पुजी र २४,९०,४३,३३७।-( रू चौविस करोड नब्बे लाखतिरचालीस हजार तिन सय) बचत संकलनगर्न सफलभएकोछ । गतआर्थिक वर्षमा २१,०१,८१,२४६/ भएकोमा यस आर्थिक वर्ष रू ३,८८,६२,०९०.७५थपभई रू २४,९०,४३,३३६.७५हुनगएको छ। गतवर्षको तुलनामा १८.४९%ले वृद्धि भएकोछ।

| मुख्य क्षेत्र | सहायक क्षेत्र | बचतको उत्पादनहरु | लक्षित समूह |
|---|---|---|---|
| नियमित | अनिवार्य/ नियमित | अनिवार्य नियमित बचत | आवद्ध सबै सदस्य |
| समय तोकिएको बचत | धनसिर्जनागर्ने बचत | बाल बचत | जन्म-१६ वर्ष नपुगेका सदस्यका छोराछोरी |
| | | चाडपर्व बचत | चाडपर्वमाखर्च गर्नुपर्ने सबै सदस्यहरु |
| | | लखपति बचत | मासिक बचत रू २५००। जम्मा गरी पांचवर्ष पछि रू २ लाखपाउने । |
| | | पेन्सन बचत | सुरक्षितभविष्यकालागी |
| | | ऋण सुरक्षण बचत | संस्थामा ऋण लिदा ऋणको ५ प्रतिशत बचत नपुग्ने सदस्यहरु |

| | | | |
|---|---|---|---|
| | | जीवन सुरक्षा बचत | मासिक रुपमाआम्दनी गरी निश्चितप्रयोजनकालागी बचत गर्ने सदस्यहरु |
| | | दैनिक बचत | व्यावपार, व्यवसाय र दैनिकआम्दनीगर्ने सदस्यहरु |
| | आवधिक बचत | ६ महिना बचत | निश्चितअवधिमाभुक्तानगर्ने तथानिश्चितव्याज दरको समझौता गरी जम्मागर्ने |
| | | १ वर्ष बचत | |
| | | २ वर्ष बचत | |
| | | ३ वर्ष बचत | |
| समय नतोकिएको बचत | कारोवार बचत | नवविकास साधारण बचत | आफु संग भएको बचत ईच्छा बामोजिम राख्नतथाझिक्नपाउने |
| | | दैनिक साधारण बचत | दैनिक रूपमा बचत गरी सदस्यले आफ्नो ईच्छा बामोजिम राख्न-झिक्नपाउने |
| | | जेष्ठ नागरिक बचत | ६५ वर्ष उमेर नाघेका सदस्यले सदस्यबनीआफ्नो आवश्यकताअनुसार राख्न-झिक्नपाउने |
| | | दैनिक ऋण बचत | आफुले लिएको ऋणलाई दैनिकबुझाउनचाहेमा दैनिकआम्दनी वाट जम्मागर्ने |
| | | विप्रेशन समृद्धि बचत | वैदेशिक रोजगारमागएका र तिनको घर परिवारले गर्ने बचत |

अन्तमा यस संस्थाको सामुहिक हितका लागि विभिन्न तहतप्कामा रही सामुहिक सोचका साथ संस्थाको उन्नती र प्रगतिमा महत्पूर्ण योग्दानदिनु हुने सहकारीकर्मीहरू संस्थामा प्रतिबद्ध सम्पुर्ण सदस्यज्यूहरू शुभचिन्तक महानुभावहरू सदस्यहरूको सेवाको लागि सदैव तल्लीन कर्मचारी साथीहरूमा हृदयदेखि धन्यवाद दिँदै आगामी दिनमा पनि सकारात्मक सहयोगको अपेक्षा सहित प्रतिवेदन यहीँ अन्त गर्दछु ।

धन्यबाद, जय सहकारी !

**रमा भण्डारी**
बचत विस्तार उपसमिति संयोजक

सदस्यको वित्तीय समाधानको पहिलो रोजाइको प्रतिबद्धता, दिगो र सबल साकोस।

# नव विकास
बचत तथा ऋण सहकारी संस्था लि.

Nawa Bikas Saving & Credit Co-operative Ltd.

चन्द्रपुर नगरपालिका-४, चन्द्रनिगाहापुर, रौतहट

नेफ्स्कून

# युवा उपसमितिको प्रतिवेदन : २०८०

आदरणीय शेयरधनी महानुभावहरू

१५औं गरिमामय वार्षिक साधारण सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिगण, सम्पूर्ण शेयर सदस्य महानुभावज्यूहरू, पत्रकार मित्रहरू, सञ्चालक समिति, लेखा तथा सुपरीक्षण समिति, सल्लाहकार महानुभावहरू, विभिन्न उपसमितिमा रहेर संस्थाको निरन्तर श्रीवृद्धिमा लाग्नु हुने शेयर सदस्य महानुभावहरू तथा संस्थाका खम्बा कर्मचारी मित्रहरू नवविकास बचत तथा ऋण सहकारी संस्थाको १५औं वार्षिक साधारण सभामा उपस्थित सबैमा युवा उपसमितिको तर्फबाट सहकारीमय अभिवादन व्यक्त गर्दछौं। यस गरिमामय सभामा युवा उपसमितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने सुअवसर पाएकोमा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु।

यस नवविकास बचत तथा ऋण सहकारी संस्था लि.को आ.व. २०७९/०८० मा युवा उपसमितिद्वारा संस्थाको कार्यक्षेत्र (चन्द्रपुर नगरपालिका) भित्रका सरकारी विद्यालयका कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूको सहभागितामा मिति २०७९ चैत्र ०९ गते होटल अल्पाइनको सभाहलमा हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त प्रतियोगीतामा श्री जनज्योति मा. वि. चन्द्रपुर-६, चन्द्रनिगाहपुर विजयी भएको थियो। जनज्योति मा. वि. चन्द्रपुर-६, चन्द्रनिगाहपुर बाट युनिका कुश्वार, नेहा राम र दिक्षा तिवारी को सहभागिता रहेको थियो। यस कार्यक्रममा हाजिरी जवाफ प्रतियोगितासँगसँगै विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरूलाई सहकारी शिक्षा तथा वित्तीय साक्षरतासम्बन्धी ज्ञान पनि प्रदान गरिएको थियो ।

त्यस्तै नयिदर्बा :यलभथ ध्भभप(द्गण्द्घ को अवसरमा युवा लक्षित वित्तीय साक्षरता तालिम युवा शेयर सदस्यहरूलाई होटल अल्पाइनको सभाहलमा प्रदान गरिएको थियो। यस तालिमले युवावर्गलाई सहकारी संस्थाप्रति आकर्षण पैदा गर्न सहयोग पुऱ्याएको छ।

आगामी वर्ष पनि युवा वर्ग लक्षित कार्यक्रम गरी संस्थाको बृहत्तर हितमा युवा उपसमिति क्रियाशील रहने कुरा यहाँहरूमा विश्वस्त गराउन चाहन्छौं। कलेज स्तरीय वित्तीय साक्षरता कार्यक्रम तथा सहकारी सम्बन्धी निबन्ध र कविता लेखन तथा वाचन प्रतियोगिता सञ्चालन गरी विद्यालय तथा क्याम्पस तहका विद्यार्थीहरूलाई सहकारी शिक्षा प्रदान गरिनेछ। सहकारी सदस्य शिक्षा कार्यक्रम सञ्चालन गरी सदस्य विस्तार गरिनेछ। गत वर्ष सञ्चालन गरिएका हाजिरी जवाफ प्रतियोगिता तथा युवा लक्षित वित्तीय साक्षरता तालिमजस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसरी शैक्षिक, सामाजिक तथा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रम सञ्चालन गरी सहकारी संस्थाप्रति युवावर्गको आकर्षण बढाउँदै संस्थाको उद्देश्य प्राप्तिमा युवा उपसमिति सक्रिय भूमिका रहने कुराको विश्वास दिलाउन चाहन्छौं।

अन्त्यमा यस युवा उपसमितिको कार्यलाई पूर्णरुपमा सहयोग गर्नु हुने संचालक समितिका पदाधिकारीज्यूहरु, कर्मचारी मित्र तथा सम्बन्धित सबै महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं। युवा उपसमितिको प्रतिवेदनलाई धैर्यतापूर्वक श्रवण गरी दिनु भएकोमा सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद दिन चाहन्छौं। नवविकास बचत तथा ऋण सहकारी संस्थाको यो १५ औं गरिमामय वार्षिक साधारण सभामा हाम्रो आतिथ्यतालाई स्वीकार गरी उपस्थित हुनुहुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिगण तथा सम्पूर्ण महानुभावहरूप्रति सधन्यवाद कृतज्ञता ज्ञापन गर्न चाहन्छौं। संस्थाको बृहत्तर हितमा सम्बन्धित पक्षको यथोचित ध्यान जाओस्। जय सहकारी ! नवविकास !

*"सहकारी बलियाको तरबार होइन निमूखाहरूको औंजार हो।"*

**कुलशेखर पहाडी**
युवा उपसमिति संयोजक

नव विकास
बचत तथा ऋण सहकारी संस्था लि.
Nawa Bikas Saving & Credit Co-operative Ltd.
चन्द्रपुर नगरपालिका-४, चन्द्रनिगाहापुर, रौतहट

# वार्षिक बजेट २०८०/०८१

व्याज खर्च (क)

| विवरण | २०७९।२०८० वास्तविक | २०८०।२०८१ अनुमानित |
|---|---|---|
| बचतमा व्याज खर्च | २४,८१०,९१०।७१ | २७,८६०,८०८।५० |
| बाह्य ऋणमा व्याज खर्च | ३,५६१,९२२।९७ | १,३१७,५००।०० |
| जम्मा व्याज खर्च | २८,३७२,८३३।६८ | २९,१७८,३०८।५० |

कर्मचारी खर्च (ख)

| विवरण | २०७९।२०८० वास्तविक | २०८०।२०८१ अनुमानित |
|---|---|---|
| तलव खर्च | ३,३१६,६६१।०० | ५८९,५०९।२० |
| सञ्चयकोष | २४४,२४७।०० | ३०३,७८५।५२ |
| दायित्व कोष | ३४७६६१।४८ | ३०००००।०० |
| कर्मचारी पोशाक खर्च | ६१६३४।०० | ९००००।०० |
| जम्मा कर्मचारी खर्च | ३,९७०,२०३।४८ | १,२८३,२९४।७२ |

कार्यालय सञ्चालन खर्च (ग)

| विवरण | २०७९।२०८० वास्तविक | २०८०।२०८१ अनुमानित |
|---|---|---|
| स्टेशनरी खर्च | १०६,३८५।०० | १२०,०००।०० |
| क्यालेन्डर छपाई खर्च | ८०,०००।०० | ११५,५००।०० |
| छपाई खर्च | ९५,६४३।०० | १२५,०००।०० |
| मर्मत खर्च | ७०,६९०।६९ | १५०,०००।०० |
| विद्युत महशुल खर्च | ४३,२९७।०० | ६०,०००।०० |
| विविध खर्च | २३,१३४।८९ | ६२,५००।०० |
| रिचार्ज खर्च | १,२००।०० | १,५००।०० |
| मोबाइल बैकिंङ कमिशन खर्च | ३,६६४।४५ | १०,०००।०० |
| विज्ञापन खर्च | १५,०००।०० | २०,०००।०० |
| न्युजपेपर खर्च | १,२०२।३३ | ७,३००।०० |
| चक्लेट | २३,९४६।०० | ३०,०००।०० |
| अफिस सरसफाई खर्च | ८,२२०।०० | २०,०००।०० |
| खुत्रुके वितरण खर्च | ६१,०३०।०० | ८०,०००।०० |
| प्रोवेशन खर्च | ११७,७८७।०० | १७५,०००।०० |
| तिज खर्च | १८,७००।०० | ३०,०००।०० |
| दुलही भेटघाट खर्च | २,०००।०० | १०,०००।०० |
| केक खर्च | १५१,८९०।०० | ३०,०००।०० |

| विवरण | २०७९।२०८० वास्तविक | २०८०।२०८१ अनुमानित |
|---|---|---|
| सदस्य राहत वितरण खर्च | ७,६०५।०० | १५,०००।०० |
| ज्येष्ठ नागरिक खर्च | ८०,६३५।०० | १००,०००।०० |
| इन्सुरेन्स खर्च | ५०,४१९।३५ | ८०,०००।०० |
| अफिस सामान खरिद | ९,६६०।०० | १५,०००।०० |
| धितो मुल्याङ्कन खर्च | १८,०००।०० | ३०,०००।०० |
| मोबाइल बैकिंङ एस एम एस खर्च | ५,०००।०० | १०,०००।०० |
| सामाजिक कार्य खर्च | १,०००।०० | १२०,०००।०० |
| कार्यक्रम खर्च | ११८,२१०।०० | १५०,०००।०० |
| बाह्य ऋण प्रकृया खर्च | १२६,६५०।०० | ६०,०००।०० |
| ह्रास कट्टी खर्च | ७२०,९२८।०४ | ८००,०००।०० |
| ऋण जोखिम खर्च | १,९२१,३७४।८५ | २,०००,०००।०० |
| यातायात खर्च | ८८,३५९।०० | १५०,०००।०० |
| टेलिफोन तथा संचार खर्च | ४१,२७७।०० | ५०,०००।०० |
| ऋणको व्याजमा छुट | ३२७,१३२।४६ | ३५०,०००।०० |
| साधारण सभा खर्च | ६१८,६१४।०० | ७८५,०००।०० |
| सफ्टवेयर खर्च | २,०११।१६ | १००,०००।०० |
| सदस्यता खर्च | ८,६१६।०० | १५,८९०।०० |
| बैठक खर्च | ६८,२८७।०० | ७०,०००।०० |
| बैठक भत्ता | १५३,०००।०० | २५२,०००।०० |
| अतिथि सत्कार | ६१,३७८।०० | ८०,०००।०० |
| लेखा परिक्षण खर्च | ८४,७५०।०० | ८४,७५०।०० |
| तालिम खर्च खर्च | | १००,०००।०० |
| रक्तदान कार्यक्रम खर्च | ४१,१३४।०० | ६०,०००।०० |
| स्वास्थ्यशिविर खर्च | ८६,७७०।०० | २००,०००।०० |
| कार्यक्रम खर्च | | १००,०००।०० |
| **कार्यालय सञ्चालन खर्च** | **५,४६४,६०१।२२** | **६,८२४,४४०।००** |
| **जम्मा खर्च (क,ख,ग)** | **३७,८०७,६३८।३८** | **३७,२८६,०४३।२२** |

## अनुमानित बासलात

| पुँजि तथा दायित्व | २०७९।२०८० वास्तविक | २०८०।२०८१ अनुमानित |
|---|---|---|
| शेयर पुजि | २८,६९४,५००।०० | ४५,०००,०००।०० |
| जगेडा कोष | १९,३२७,४११।०६ | २७,०००,०००।०० |
| अन्य कोषहरु | ८,३५४,१९०।६८ | ११,८४०,०००।०० |
| ऋण नोक्सानी व्यवस्था कोष | ९,१२३,३४४।०३ | १०,०००,०००।०० |
| बचत हिसाव | २४९,०४३,३३६।७५ | ३३७,५००,०००।०० |
| बाह्य ऋण | ३६७०००००।०० | १६००००००।०० |
| अन्य दायित्व | २,९५८,८००।३३ | १,१६०,०००।०० |
| **जम्मा** | ३५४,२०१,५८३ | ४४८,५००,०००।०० |
| **सम्पत्ति** | २०७९।२०८० वास्तविक | २०८०।२०८१ अनुमानित |
| नगद मौज्दात | ० | ० |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ५८,७४७,७७२।६५ | ७६,९४०,०००।०० |
| लगानि हिसाब | ३,७१८,८७८।५६ | ४,५००,०००।०० |
| ऋण लगानि | २७८,०८०,५९२।३३ | ३५३,२२०,५३१।१५ |
| स्थिर सम्पत्ति | १२,८२३,३३४।८३ | १३,५००,०००।०० |
| स्थगन कर सम्पत्ति | २५,२३७.६४ | ३१,५४७०५ |
| आयकर सम्पत्ति (खुद) | १८३,३५६।५५ | २००,०००।०० |
| अन्य सम्पति | ६२२,४१०।८९ | १०७,९२१।७९ |
| **जम्मा** | ३५४,२०१,५८३ | ४४८,५००,०००।०० |

| व्याज आम्दानी | | | |
|---|---|---|---|
| क्र. सं. | आम्दानीको शिर्षकहरु | २०७९।२०८० वास्तविक | २०८०।२०८१ अनुमानित |
| १ | व्याज आम्दानी | | |
| ११ | कर्जाबाट प्राप्त व्याज | ४२,१५६,२७६।०३ | ४४,१९१,०७८।६४ |
| १.२ | बैंकबाट प्राप्त व्याज | १,९५४,५७६।३७ | २,७१३,७५५।४५ |
| | **जम्मा प्राप्त व्याज आम्दानी** | **४४,११०,८५२।४०** | **४६,९०४,८३४।१०** |

अन्य सञ्चालन आम्दानी

| क्र. सं. | आम्दानीको शिर्षकहरु | २०७८।२०७९ | २०७९।२०८० अनुमानित |
|---|---|---|---|
| २ | **विविध आम्दानी** | | |
| २.१ | खाता बन्दी शुल्क | ५०,८३५।१३ | ५०,०००।०० |
| २.२ | फारम शुल्क | ८४,८००।०० | १००,०००।०० |
| २.३ | विविध आम्दानी | २४,०८५।८६ | ५०,०००।०० |
| २.४ | पासबुक आम्दानी | ३,४५०।०० | ४,०००।०० |
| २.५ | मोबाइल बैकिंङ नविकरण आम्दानी | ३०,६००।०० | ४०,०००।०० |
| २.६ | मोबाइल बैकिंङ कमिशन आम्दानी | ३,६६४।४५ | ५,०००।०० |
| २.७ | धितो मुल्याङकन आम्दानी | ५२,०००।०० | ८०,०००।०० |
| २.८ | स्थिर सम्पत्ति बिक्रिबाट प्राप्त आम्दानी | ३,३०८।७३ | |
| २.९ | रेमिटेन्स कमिशन आम्दानी | २०,५९१।६६ | २५,०००।०० |
| २.१० | शेयर लगानीबाट प्राप्त आम्दानी | ५१६,७४०।४२ | ५५०,०००।०० |
| २.११ | ऋण व्यावस्थापन शुल्क | १,४२०,३३५।०० | १,६००,०००।०० |
| | **जम्मा** | **२,२१०,४११।२५** | **२,५०४,०००।००** |
| | **कुल आम्दानी** | **४६,३२१,२६३।६५** | **४९,४०८,८३४।१०** |
| | **खुद आम्दानी** | **८५१३६२५।२७** | **१२१२२७९०।८८** |